# शिवपुरी गाउँपालिकाको
# रोजगार रणनीतिक योजना

( आ.ब. २०८२/०८३ देखि २०८६/०८७ सम्म )



## स्थानीय सरकार
## शिवपुरी गाउँपालिका
### शेराबगर, नुवाकोट
### बागमती प्रदेश, नेपाल

# स्थानीय सरकार
# शिवपुरी गाउँपालिका
## शेरावगर, नुवाकोट
### बागमती प्रदेश, नेपाल

## शिवपुरी गाउँपालिकाको
# रोजगार रणनीतिक योजना
**(आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म)**

**गाउँसभाबाट स्वीकृत मितिः २०८०/०३/०९**

# रोजगार रणनीतिक योजना तर्जुमा कार्यदल

श्री गोविन्द प्रसाद थपलिया (संयोजक / अध्यक्ष)

श्री विर वहादुर तामाङ (सदस्य/ उपाध्यक्ष)

श्री बद्रीनाथ लम्साल (सदस्य/ प्रमुख प्रशासकीय अधिकृत)

श्री कुमार तामाङ  (सदस्य/ वडा अध्यक्ष)

श्री केशव प्रसाद रिजाल (सदस्य/ वडा अध्यक्ष)

श्री बिष्णु प्रसाद न्यौपाने (सदस्य/ प्रशासन अधिकृत)

श्री घनश्याम बेल्बासे (सदस्य/ लेखा अधिकृत )

श्री विजय केसी (सदस्य सचिव/ रोजगार संयोजक)

## विशेष धन्यवाद

श्री चुडाराज खनाल (कम्प्युटर अपरेटर)

श्री गोकुल देव जोशी (ईन्जिनियर)

श्री फुर्वा लामा (सूचना प्रबिधि अधिकृत)

**प्रकाशकः**

स्थानीय सरकार

**शिवपुरी गाउँपालिका**

**शेराबगर, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

**ईमेलः Shivapuri.rmun@gmail.com**

**वेवसाईटः shivapurimun.gov.np**

**मुद्रणः सूचना तथा प्रविधि इकाई**

# शुभकामना मन्तब्य



**"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्न र नागरिकको मौलिक हक सुनिश्चित गर्न तीनै तहका सरकारको भूमिका महत्त्वपूर्ण शिवपुरी गाउँपालिकाले सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा स्थानीय जनशक्तिको विकास र परिचालन गर्दै उत्पादन र उत्पादकत्वको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। यसका साथै, गुणस्तरीय मानव पूँजीको निर्माण र उद्यमशील कार्यसंस्कृतिको विकास हाम्रो आजको आवश्यकता हो। यो समृद्धि प्राप्त गर्नका लागि हाम्रा नागरिकहरू रोजगार वा स्वरोजगार रहनु, आन्तरिक उत्पादनमा गुणात्मक वृद्धि हुनु र प्रतिव्यक्ति आयमा उल्लेखनीय वृद्धि हुनु आवश्यक छ।

स्थानीय सरकारमा रोजगारीका पर्याप्त अवसरहरू सृजना गर्न, उपलब्ध जनशक्तिको उच्चतम उपयोग गर्न र आर्थिक विकासमा योगदान पुऱ्याउनका लागि यो पाँच वर्षे रोजगार रणनीतिक योजना तर्जुमा गरिएको हो। यस रणनीतिक योजनाले नागरिकहरूलाई उत्पादनमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउँदै अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक पद्धतिमा रूपान्तरण गर्दै रोजगारीको गुणस्तरमा सुधार ल्याउनेछ।

यस रणनीतिक योजना मार्फत हामीले यहाँका स्थानीय स्रोत, सीप र सम्भावनालाई अधिकतम उपयोग गर्दै कृषि, पर्यटन, लघु उद्योग र अन्य क्षेत्रमा रोजगारीका नयाँ नयाँ अवसरहरू सृजना गर्ने लक्ष्य राखेका छौं। यस योजनाले युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न र उनीहरूलाई गाउँमै बसेर आफ्नो परिवार र समुदायको लागि योगदान गर्न प्रेरित गर्नेछ । यस रणनीतिक योजना तर्जुमा गर्ने कार्यमा खटिनुहुने गाउँपालिकाका पदाधिकारी, कर्मचारीहरु तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान पुर्याउनुहुने सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस महत्त्वपूर्ण रणनीतिक योजनाको सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !
जय शिवपुरी !!

**गोविन्द प्रसाद थपलिया**
**अध्यक्ष**

# मेरो भन्नु



राज्य पुनः संरचना भै मुलुक संघीय संरचनामा गएपछि तीनै तहका सरकारको साझा गन्तव्य र लक्ष्यमा तादाम्यता कायम गर्नु अपरिहार्य छ। हामीले राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्नका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबीच सहकार्य र साझेदारी गर्न आवश्यक छ। स्थानीय सरकारको रूपमा, हामीले समुदाय तहदेखि नै आर्थिक स्थायित्व कायम गरी, सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको साझेदारीलाई प्रोत्साहन गर्दै अगाडि बढ्नुपर्छ। हामीले उपलब्ध ज्ञान, सीप, पूँजी र प्रविधिको सही सदुपयोग गरेर स्थानीय उत्पादन र उत्पादकत्वको प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्छ। गुणस्तरीय मानव पूँजीको निर्माण र उद्यमशील कार्यसंस्कृतिको विकास आजको हाम्रो प्रमुख आवश्यकता हो। हाम्रो गाउँपालिकालाई समृद्ध बनाउनका लागि यहाँका नागरिकहरू रोजगार वा स्वरोजगार हुनु, आन्तरिक उत्पादनमा गुणात्मक वृद्धि हुनु र प्रतिव्यक्ति आय बढ्नु आवश्यक छ। हामीले भोगिरहेका चुनौतीहरूको सामना गर्न योजनाबद्ध र दीर्घकालीन दृष्टिकोणसहित अगाडि बढ्नुपर्छ।

यस रणनीतिले हाम्रो गाउँपालिकाको समग्र विकास लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस रणनीतिक योजनाले रोजगारीका पर्याप्त अवसरहरू सृजना गरी उपलब्ध जनशक्तिको उच्चतम उपयोग गर्ने, श्रम बजारको आवश्यकताअनुसारको सीपयुक्त श्रमशक्ति तयार गर्न, वैदेशिक रोजगारीबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा लगाउन, समाजमा रहेको आर्थिक तथा सामाजिक विभेदलाई अन्त्य गर्दै युवाहरूलाई उत्पादनशील रोजगारीमा संलग्न गराउन प्रभाबकारी भूमिका निभाई हाम्रो गाउँपालिकालाई गरिबी निवारण, आर्थिक समानता र न्यायपूर्ण समाज निर्माणतर्फ डोऱ्याउनेछ । यस रणनीतिक योजनाको सफल कार्यान्वयनको लागि सरोकारवाला सम्पूर्ण अवरोध गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !
जय शिवपुरी !!

**विर बहादुर तामाङ**
**उपाध्यक्ष**

# मन्तब्य



नेपालको संविधानले श्रम तथा रोजगारीलाई मौलिक हकको रुपमा आत्मसाथ गरी रोजगरीको छनौट र उचित श्रम अभ्यास गर्न सक्ने व्यवस्था गरेको छ । संविधान प्रद्धत मौलिक हकको कार्यान्वयनका लागि विभिन्न नीतिगत, नीति, कार्यक्रमगत र संस्थागत व्यवस्था गरीएको छ श्रम तथा रोजगरीका विषयहरुलाई मार्गप्रशस्त गर्न श्रम तथा रोजगारी सम्बन्धी नीति अनुरुप नेपाल सरकारले निरन्तर सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई दोस्रो चरणमा ढाँचा परिवर्तन गर्दै आन्तरिक रोजगारी दशक घोषणालाई साकार पार्न आ.ब. २०८२/०८३ देखि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने भएको छ । प्रदेश सरकारले पनि श्रम तथा रोजगारीको विषयलाई आन्तरिकीकरण र स्थानीयकरण गरेको अवस्था रहेको छ । नेपाल सरकार र प्रदेश सरकारले लिएको सोंचलाई कार्यान्वयनका लागि स्थानीय सरकारले आफु अनुकुल, स्थानीय परिबेश सुहाउँदो नीतिगत तथा नीति व्यवस्था तर्जुमा गर्नुपर्ने हुन्छ । मुलुक संघीय संरचनामा रुपान्तरण भएसँगै तीनै तहका सरकारको गन्तब्य र लक्ष्य बिच तादाम्यता कायम हुनुपर्ने हुन्छ । तीनै तहका सरकारहरुका नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम र आवधिक योजना अनुसार साझेदारी र सहकार्य गर्दै स्थानीय तथा राष्ट्रिय लक्ष्य प्राप्त गर्न सकिन्छ ।

शिवपुरी गाउँपालिका क्षेत्र भित्र श्रम तथा रोजगारीका क्षेत्रमा रहेका विद्यमान समस्याहरुको समाधान गरी सामाजिक सुरक्षा सहितको मर्यादित श्रम शक्तिको विकास गर्नका लागि यो रणनीतिक योजना तर्जुमा गरिएको हो । रणनीतिक योजनाले रोजगारी सृजनाको विषयमा आगामी पाँच वर्षको लागि गाउँपालिकाको गन्तब्य स्पष्ट पारेको छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्पष्ट सीमा सहितको कार्ययोजना समेत समाबेश गरीएको छ ।यस रणनीतिक योजना तर्जुमा गर्ने कार्यमा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !
जय शिवपुरी !!

**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**

## शब्द संक्षेपीकरण

आ.ब. — आर्थिक वर्ष

रो.से.के — रोजगार सेवा केन्द्र

गा.पा.. — गाउँपालिका

गै.स.स. — गैरसरकारी संस्था

उ.स. — उपभोक्ता समिति

का.पा. — कार्यपालिका

रु. — रुपैया

के.जी. — किलोग्राम

कि.मी. - किलोमिटर

| विषय सूची | पेज नं. |
|---|---|
| **परिच्छेद - १ रणनैतिक सन्दर्भ (Strategic Context)** | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ रोजगार सम्बन्धी नीति व्यवस्था | १ |
| १.३ रोजगार रणनीतिको आवश्यकता र औचित्य | ३ |
| १.४ अध्ययन पद्धति | ३ |
| १.५ रोजगारीका क्षेत्रहरु | ५ |
| १.६ सिमा तथा चुनौतीहरु | ५ |
| **परिच्छेद - २ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)** | ८ |
| २.१ गाउँपालिकाको परिचय | ८ |
| २.२ रोजगारीका समस्या तथा चुनौतीहरु | १२ |
| २.३ रोजगारीका सम्भावना तथा अवसरहरु | १२ |
| **परिच्छेद - ३ रणनैतिक विश्लेषण (Strategic Analysis)** | १४ |
| **परिच्छेद - ४ रणनैतिक सवालहरु (Strategic Issues)** | १५ |
| **परिच्छेद - ५ दुरदृष्टी, ध्येय र उद्देश्य (Long-term Vision, Mission and Objectives)** | १७ |
| ५.१ दुरदृष्टि | १७ |
| ५.२ ध्येय | १७ |
| ५.३ उद्देश्य | १७ |
| **परिच्छेद - ६ रणनैतिक लक्ष्यहरु (Strategic Goals)** | १८ |
| ६.१ रणनैतिक लक्ष्यहरु | १८ |
| **परिच्छेद - ७ रणनैतिक स्तम्भ/ प्रमुख रणनीतिहरु (Major Strategies)** | १९ |
| ७.१ प्रमुख रणनैतिक स्तम्भ | १९ |
| ७.२ रणनीति तथा कार्यनीति | १९ |
| **परिच्छेद - ८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan)** | २४ |
| **परिच्छेद - ९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilization and Budget Management)** | ४० |
| ९.१ श्रोत अनुमान तथा प्रक्षेपण | ४० |
| ९.२ श्रोत परिचालन रणनीति | ४० |
| **परिच्छेद - १० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था ( Steering Committee, Monitoring and Evaluation)** | ४१ |
| १०.१ रणनीतिक योजनाको निर्देशक समिति | ४१ |
| १०.२ रणनीतिक योजनाको कार्यान्वयन समिति | ४१ |
| १०.३ रणनीतिक योजनाको अनुगमन तथा मुल्याङ्कन | ४२ |
| **परिच्छेद - ११ जोखिम व्यवस्थापन (Risk Management)** | ४३ |
| अनुसूची १ | ४४ |
| **रणनीतिक योजना तयारीका आधार तथा सन्दर्भ सामाग्रीहरु** | ४६ |

# परिच्छेद - १ रणनैतिक सन्दर्भ (Strategic Context)

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ । मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको दायरालाई फराकिलो बनाउँदै आर्थिक समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्न जोड दिइएको छ। राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ । विक्रम सम्वत् २१०० सम्ममा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोँच तय भएको छ । त्यस्तै सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सक्रिय सहभागितामा वि.सं. २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्येम आय भएको मुलुकमा पुर्‍याउने लक्ष्य तय भएको छ। सोही आधारमा जारी भएको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) को कार्यान्वयन अवधि २०८१ असार मसान्तमा समाप्त भै त्यसपछिको पाँच वर्षको लागि कार्यान्वयन गर्ने गरी सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा भएको छ। यसै आधारमा नेपाल सरकार, बागमती प्रदेश सरकार र शिवपुरी गाउँपालिका बाट आ-आफ्नो दिर्घकालीन सोँच र लक्ष्य अनुसार अल्पकालीन, मध्येकालीन र दिर्घकालीन योजना तयार भएको छ ।

## १.२ रोजगार सम्बन्धी नीति व्यवस्था

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हकको व्यवस्था गरेको छ । प्रत्यक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त अवस्था र बेरोजगारीको अवस्था संघीय कानुन बमोजिम हुनेछ। प्रत्यक नागरिकलाई रोजगारी छनौट गर्न पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको संविधानको धारा ३४, ४३, ५१ मा रोजगार सम्बन्धी विभिन्न राज्यका नीतिहरुको व्यवस्था गरीएको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्यक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्ने, क्षमता अनुसारको रोजगारी दिने, रोजगारीका छनौटका अवसर प्रदान गर्ने र बेरोजगारी सहायता प्रदान गर्ने कुरा उल्लेख गरीएको छ । रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले न्युनतम रोजगारी सुनिश्चित गर्ने कुरा उल्लेख गरेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको शासकीय व्यवस्थाको परिकल्पना गरेको छ । संघ प्रदेश र स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ । तीनै तहका सरकारलाई श्रम तथा रोजगारीको हकको कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा रोजगारी सम्बन्धी नीति, नियम, कानुन र कार्यविधि बनाई कार्यान्वयन गर्न सक्ने अधिकार प्राप्त गरेको छ ।त्यसैले स्थानीय सरकारले आफ्नो पालिका क्षेत्रभित्र

रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गर्ने, रोजगारीको माग प्रक्षेपण गर्ने, रोजगारी दिने र रोजगारीका अवसरहरुको सृजना गर्ने गर्न सक्नेछ। त्यसैले राष्ट्रिय तथा स्थानीय आवश्यकता तथा परिस्थिति अनुसार शिवपुरी गाउँपालिकाले रोजगारी सृजना मार्फत गरीवी न्यूनीकरणका लागि आवश्यक कदम चाल्न रणनीतिक योजनाको महत्वपूर्ण भुमिका रहेनेछ ।

नेपाल सरकार र प्रदेश सरकारका विभिन्न नीति तथा कार्यक्रहरुमा श्रम तथा रोजगारीका विषयहरुलाई गम्भीरताका साथ उठान गरीएको छ । बागमती प्रदेशको दोश्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) र शिवपुरी गाउँपालिकाको दोश्रो आवाधिक योजना (२०८२/०८३-२०८६/०८७) ले श्रमको सम्मान हुने वातावरण सृजना गर्न मार्ग प्रशस्त गरेको छ ।

नेपालमा उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी बनाउँदै श्रम बजारको माध्यमबाट उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाइ गरिवी निवारणमा योगदान पुर्याउने सोँचका साथ राष्ट्रिय रोजगार नीति, २०७१ जारी भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ले मुलुकभित्र पर्याप्त रोजगारीका अवसरहरुको सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने कुरा उल्लेख भएको छ । काम तथा श्रमिकको सम्मान हुने क्रियाकलाप संचालन गर्न र आन्तरिक रोजगारी प्रवर्द्धन एवं विस्तार गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८ जारी गरेको छ । नेपाल सरकारले एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० जारी गरी श्रम तथा रोजगारीका क्षेत्रहरुलाई व्यवस्थापन गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा सुरक्षा मन्त्रालयको पाँचवर्षे रणनीतिक योजना (आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म) जारी गरी मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्धि हासिल गर्ने दिर्घकालीन सोँच राखेको छ । त्यसैगरी राष्ट्रिय योजना आयोगले तयार पारेको १६ औं पञ्चवर्षिय आवधिक योजनाले मानब पूँजी निर्माण तथा सम्भाबनाको पूर्ण उपयोगलाई राष्ट्रिय दिर्घकालिन सोँच **"समृद्ध नेपाल सुखी नेपाली"** को दीर्घकालीन राष्ट्रिय लक्ष्यको रुपमा ब्याख्या गरेको छ ।

सरकारी, निजी, सहकारी तथा गैरसरकारीको संयुक्त प्रयास र लगानीबाट समग्र अर्थतन्त्रमा स्थायित्व कायम भई उच्च, दीगो र रोजगारमूलक आर्थिक वृद्धि गर्न तीनै तहका सरकार क्रियाशील हुनु आवश्यक देखिएको छ । समग्र अर्थतन्त्रको विकासको लागि आम नागरिकको आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनिकरण गर्न स्थानीय सरकारको छुटै रोजगार रणनीति तर्जुमा गर्न आवश्यक भएको छ । स्थानीय सरकारको रोजगार रणनीति तर्जुमा र कार्यान्वयनबाट संविधानले व्यबस्था गरेको रोजगारीको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय सरकारको सामाजिक र आर्थिक उन्नतिमा समेत सहयोग पुर्याउछ।

## १.३ रोजगार रणनीतिको आवश्यकता र औचित्य

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनले स्थानीय सरकारलाई विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यास गर्न सक्ने प्रवन्ध गरी अधिकार तथा जिम्मेवारी दिएको छ ।सोही जिम्मेवारी पुरा गर्न गाउँपालिका क्षेत्र भित्र विभिन्न नीति, योजना, कार्यक्रम र रणनीतिहरु कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

नेपाल सरकारले समृद्ध नेपाल सुखी नेपालीको दिर्घकालीन सोँच, नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, आवधिक योजना, क्षेत्रगत नीति, रणनीतिक योजनाका आधारमा प्रदेश सरकारले तत तत विषय क्षेत्र सँग सम्बन्धित नीति योजना र कार्यक्रमको तय गर्नुपर्ने हुन्छ । स्थानीय सरकारले नेपाल सरकार र प्रदेश सरकारको नीति योजना र कार्यक्रमलाई सहयोग पुग्ने गरी आफ्ना नीति, योजना रणनीति र कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । श्रम तथा रोजगारीका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकारका क्षेत्रगत नीति कार्यान्वयन गर्ने गरी रोजगार रणनीति तर्जुमा गर्नुपर्ने हुन्छ । यसका आधारमा शिवपुरी गाउँपालिकाको रोजगार रणनीतिको आवश्यकता तथा औचित्य देहाय बमोजिम रहेका छन् ।

- स्थानीय रोजगार प्रणाली विकास गरि आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न,
- श्रम तथा रोजगारका क्षेत्रमा नीति, योजना र कार्यक्रम तर्जुमा गर्नका लागि मार्ग प्रशस्त गर्न,
- आन्तरिक रोजगारको प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सृजना गर्न,
- स्थानीय सरकारभित्र रोजगारीका लागि उद्यमशीलताको विकास गर्न,
- तहगत सरकारका बिचमा समन्वय र सहकार्य गर्न,
- मर्यादित श्रम र सुमधुर श्रम सम्बन्धको विकास गर्न,
- योगदानमा आधारित सामाजिक सुरक्षाको प्रवन्ध गरी सामाजिक सुरक्षाको प्रत्याभुती गर्न,
- श्रम तथा रोजगारीका क्षेत्रमा रहेका समस्याहरु आपसी समन्वयमा समाधान गर्न,

## १.४ अध्ययन पद्धति

शिवपुरी गाउँपालिकाको पाँच बर्षको लागि रोजगार रणनीति तर्जुमाका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना संकलन गर्न स्थानीय सरकारको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निर्धारण गरेका अनुसूची २ र ३ मा उल्लिखित प्रश्नावलीहरुलाई प्रयोग गरिएको छ, साथै सरोकारवालासँगको अन्तरक्रिया तथा छलफल गरी प्राथमिक सूचना संकलन गरिएको छ। त्यसै गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको वेभसाइटमा उपलब्ध नेपालको जनगणना, २०७८ सम्बन्धी विभिन्न तथ्याङ्क तथा विवरण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका आवश्यक सूचना तथा तथ्याङ्क, नीति तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्रविष्ट गरीएका तथ्याङ्कहरु, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार सचिवालय, वागमती प्रदेशको योजना आयोग, शिवपुरी गाउँपालिकाको आप्रवासन पार्श्वचित्र २०८१, शिवपुरी गाउँपालिकाको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७-२०८०/०८१), शिवपुरी गाउँपालिकाको वेभसाईटमा उपलब्ध विवरण तथा तथ्याङ्क, गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, वार्षिक प्रतिबेदनहरु

लगायत बाट प्राप्त जानकारीलाई आवश्यक सूचनाको श्रोतको रुपमा उपयोग गरी विश्लेषण गरीएको छ । रणनीतिक योजना निर्माण पश्चात तथा प्राप्त श्रोत र साधनहरुको उच्चतम प्रयोग गरी आवश्यक उपलब्धी हासिल गर्ने गरि कृयाकलापहरु सञ्चालन हुनेछन् ।

### क) बिद्यमान जनशक्तिको तथा आवश्यक जनशक्तिको पहिचान

गाउँपालिकामा बिद्यमान जनशक्तिको विवरण द्रुत लेखाजोखा विधिबाट पहिचान तथा संकलन हुनेछ। यसका लागि लक्षित समूह छलफल, स्थानीय सरकारका रोजगारदाता वा सम्भावित रोजगारदाता ब्यवसाय, उद्योग प्रतिष्ठानको स्थलगत भ्रमण तथा सम्बन्धित सरोकारवालाहरुसँग प्रश्नावलीको प्रयोग गरि विवरण संकलन गरिनेछ । यसबाट पालिका स्तरमा बिद्यमान जनशक्ति, उनीहरुको सीप तथा दक्षता, अनुभव आदिको पहिचान गर्ने र वर्तमान समय तथा आगामी बर्षहरुमा आवश्यक जनशक्तिको अनुमानित संख्या, आवश्यक पर्न सक्ने सीप, ज्ञान तथा दक्षताको पहिचान गरिनेछ ।

### ख) योजनाको लक्ष्य, उद्देश्य, नीति, रणनीतिको निर्धारणः

स्थानीय सरकार र सम्बन्धित सरोकारवाला पक्ष, जानकार ब्यक्तिहरु, बिद्यालयका शिक्षक तथा बिद्यार्थीहरु, सहकारीका प्रतिनिधी, रोजगारदाताका प्रतिनिधी, बिषयगत शाखाका प्रमुखहरुको सुझावलाई संकलन गर्दै बिद्यमान नीति दस्तावेज, संघीय तथा प्रादेशिक तहका योजना, नीति, रणनीति, दीर्घकालीन लक्ष्य, राष्ट्रिय रोजगार नीति लगायतका श्रोत सामाग्रीहरुको अध्ययन गरी सोमा सामञ्जस्यता र अन्तर्सम्बन्धित रहेर राष्ट्रिय लक्ष्य तथा उद्देश्य पूरा गर्नका लागि पक्षपोषण हुने गरी राणनीतिक योजनाको लक्ष्य, उद्, नीति, रणनीतिहरुको अद्यावधिक गरिनेछ ।

### ग) बिद्यमान जनशक्ति र आवश्यक जनशक्ति बीचको फरक पहिचान

पालिकास्तरमा रहेको जनशक्ति र सीपको अवस्थाको जानकारी र भविष्यमा आवश्यक देखिएको जनशक्ति तथा सीपको विवरण बुंदा नं. "क" अनुसार प्राप्त गरी सोको अन्तर बिश्लेषण गरि सोको परिपूर्तिका लागि आवश्यक रणनीति, कार्ययोजना तथा श्रोत साधनको सिफारिश गरिनेछ ।

### घ) जनशक्ति योजना

उपलब्ध र आवश्यक जनशक्ति विच फरक पहिचान पश्चात स्थानीय स्तरमा आवश्यक जनशक्तिको अल्पकालीन तथा दीर्घकालीन जनशक्ति योजनाको तर्जुमा गरि जनशक्ति प्राप्तिको योजना निर्माण गरिनेछ । रोजगार सेवा केन्द्रलाई यस रणनीतिक योजनाको सचिवालयको रुपमा कार्य सम्पदान गर्न सकिनेछ।

### ङ) कार्यान्वयन, अनुगमन, मूल्यांकन र संरचना निर्माणः

योजनाको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा निर्भर गर्ने हुँदा यसको लक्ष्य, उद्देश्य र कार्ययोजना अनुसारको कृयाकलाप सञ्चालन गरिनु तथा सञ्चालित गतिविधीको नियमित अनुगमन र समय समयमा आवधिक समीक्षा मूल्यांकन एवं देखिएका कमी कमजोरीहरुलाई सुधार गरि पुनः कार्यान्वयनमा ल्याउनका लागि एक संस्थागत संरचनाको निर्माण गरि काम, कर्तब्य र अधिकारको स्पष्ट ब्यवस्था गरिनेछ।

यसमा स्थानीय रोजगार निर्देशक समितिले कार्यान्वयन, अनुगमन, कार्यसम्पादन मूल्यांकनमा संस्थाको भुमिका निभाउन सक्नेछ ।

### च) योजना समीक्षा तथा परिमार्जनः

योजनाको प्रभावकारी उपलब्धि हासिल गर्नका लागि  समीक्षा तथा देखिएका कमी कमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने हुन्छ । जनअपेक्षा अनुसारको लक्ष्य र कृयाकलापहरुलाई सम्बोधन र समायोजन गरी समयानुकुल परिमार्जन, सुधार गर्नुपर्ने देखिन्छ । आर्थिक वातावरण तथा प्रविधीले ल्याएको परिवर्तनलाई पछ्याउँदै विकासका नयाँ नयाँ आयामको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन गाउँपालिकालाई सक्षम गराउनका लागि सुधार र परिमार्जन गर्नुपर्ने हुन्छ । योजना सञ्चालनको क्रममा प्राप्त उपलब्धिहरुलाई निरन्तर दस्तावेजीकरण गरेर आवश्यकता अनुसार समय समयमा अद्यावधिक गरिनेछ ।यि प्रक्रियाहरु पूरा गर्नका लागि आवश्यकता अनुसार रोजगार सेवा केन्द्रले कार्यक्रम तथा कृयाकलापहरु सञ्चालन गर्नेछ ।

## १.५ रोजगारीका क्षेत्रहरु

शिवपुरी गाउँपालिका क्षेत्र भित्र उपलब्ध हुन सक्ने आन्तरिक रोजगारिका सम्भावित क्षेत्रहरु निम्नानुसार रहेका छन ।

१) कृषि
२) पर्यटन
३) विज्ञान तथा सूचना प्रविधि
४) नव प्रवर्तन तथा उद्यमशीलता
५) उद्योग
६) सेवा तथा परामर्श सम्बन्धी सेवा

## १.६ सिमा तथा चुनौतीहरु

हरेक योजना कार्यान्वयनका सिमा र परिधिहरु हुन्छन् ।त्यसको समयमै पहिचान गरि रणनीतिक समाधानको बाटो तयार पार्नुपर्ने हुन्छ ।  शिवपुरी गाउँपालिकाको ८ वटै वडाहरुलाई समेटेर स्थानीय सरकारको रोजगार रणनीतिक योजना तयार गरिएको छ । यसमा शिवपुरी गाउँपालिकाको आर्थिक सामाजिक अवस्था र परिवेश, जनसंख्याको बनावट, श्रम तथा रोजगारीको अवस्था र रोजगारीका सम्भावित क्षेत्रहरु सँग सम्बन्धित रहेर रोजगार रणनीतिक योजना तर्जुमा भएको छ । यस रणनीतिक योजनाको तयारीका क्रममा सम्भावना, अनुमानको बिशेष रुपमा ख्याल गरी भविष्यमा आउन सक्ने समस्या, चुनौतीहरुलाई सम्बोधन गर्नका लागि  पूर्वसावधानीलाई महत्व दिई तयार भएको छ । सकेसम्म यथार्थको नजिक, वस्तुनिष्ठ, रोजगारमैत्री र जनअपेक्षा अनुसारका योजना निर्माणको लागि बिशेष ध्यान दिइएतापनि योजना निर्माण तथा कार्यान्वयनको चरणमा समेत निम्नानुसारको सीमाहरु रहन सक्छन ।

### १) बाह्य वातावरणको अनिश्चितताः

पालिकाको नियन्त्रणमा नरहने बाह्य वातावरणको आकस्मिक आउन सक्ने परिवर्तनले यसको प्रभावकारी योजना निर्माण र कार्यान्वयनमा समेत प्रभावित गर्ने गर्दछ । देशको आर्थिक अवस्थामा ठूलो परिवर्तन, प्रविधी र श्रम बजारमा आउन सक्ने उतार चढाव आदिले पनि योजना तर्जूमाको लक्ष्य र यसको कार्यान्वयनमा प्रभावकारिता तथा उपलब्धिमा कमी आउन सक्ने देखिन्छ ।

### २) गाउँपालिकाको प्राथमिकताको बिषयमा हुनसक्ने परिवर्तनः

बेरोजगारी तथा गरिबी एक अन्तर्सम्बन्धित विषय हो र यसको मुख्य कारण कमजोर आर्थिक अवस्था हो । गाउँपालिकाको अन्तिम लक्ष्य गरिबी निवारण र आर्थिक समृद्धिको प्राप्ति भएपनि समय क्रम अनुसार गाउँपालिकाको प्राथमिकताका बिषयहरु परिवर्तन हुन सक्ने हुँदा यो रणनीति कम प्राथमिकतामा पर्न सक्छ ।चरम आर्थिक उतार चढाव, प्रकोपको तिब्र असर, युद्ध आदि कारण लगायतले गर्दा यस क्षेत्र कम प्राथमिकतामा पर्न सक्छ। गाउँपालिकाको राजनैतिक संरचनामा अनायासै आउन सक्ने परिवर्तन, प्रशासनिक फेरबदल आदिले यस योजना तर्जुमाको चरण र कार्यान्वयनमा सीमितता ल्याउन सक्ने देखिन्छ।

### ३) अनुभव र सुझावहरुमा सत्यता र यथार्थताको कमीको सम्भावनाः

यस योजना तर्जुमाको शिलशिलामा अपनाइएका विधीहरुमध्ये व्यक्तिगत प्रश्नावली, सर्भेक्षणका माध्यम, समूहगत छलफल, रोजगारदाताहरुसंको सूचना तथा सुझाव संकलन, नीति निर्माण तहका सुझावहरु, सरोकारवालाहरुसँगको सूचना संकलन, अन्तर्वार्ता आदिबाट यथार्थ सूचना तथा तथ्यांकहरु प्राप्त नहुन सक्ने सीमा रहन्छ ।यसमा बिचार र अनुभव सूचना तथा सुझावहरु रहेकोले उनिहरुको एकाग्रता, शिक्षा र चेतानमा हुन सक्ने कमी, भावनात्मक पूर्वाग्रह, प्रश्नकर्ताको शैली, बुझाईमा भिन्नता आदि विषयहरुले यस अध्ययनलाई सिमीत गर्नेछ। यसरी अनुभवजन्य सूचना तथा तथ्यांकका कारणले यसको सत्यतामा नजिक पुग्न कठिनाई हुनेछ ।

### ४) भविष्यको अनुमान गर्ने सम्बन्धी सीमाः

गाउँपालिकाको आर्थिक अवस्थामा आउन सक्ने ठूला परिवर्तन, नीति ब्यवस्थामा आउन सक्ने परिवर्तन, प्रविधीले जन्माउन सक्ने बिचलन आदिले ब्यवसायिक वातावरणमा परिवर्तन ल्याउन सक्ने र श्रम बजारलाई पनि आमुल परिवर्तन ल्याउन सक्ने हुँदा योजना तर्जुमाको समयमा अनुमान गरिएका भन्दा फरक अवस्थाको सृजना भएमा हालको तथ्यांक र अनुमान फरक पर्न गई योजनालाई सिमित गराउन सक्छ ।

### ५) परिवर्तन प्रतिको अनिच्छाः

योजना तर्जुमा र कार्यान्वयनका चरणमा कार्यालयको संस्थागत परिवर्तन, कार्यप्रक्रिया, पद्धति वा संस्कार आदिमा सुधार वा परिवर्तन आदि गर्नु आवश्यक हुन्छ । त्यसप्रति कर्मचारी, जनप्रतिनिधि र आम जनसमुदायमा अनिच्छा वा असमझदारी उत्पन्न भए यसले योजना तर्जुमाको चरण र कार्यान्वयनको चरणमा समेत प्रतिरोध आउन सक्ने देखिन्छ ।

### ६) अपूर्ण सूचना तथा तथ्याङ्कहरुको प्राप्तिः

योजना तर्जुमाको शिलशिलामा तथ्यांक तथा सूचनाहरु संकलन गर्नका लागि तयार भएका अनुसूचीहरु, सुझाव संकलन फारामहरुमा पूर्ण सूचना प्राप्त नहुनु, उत्तरदाताको शिक्षा र चेतनाको स्तर वा मनोभावना, आग्रह वा पूर्वाग्रहको ले फरक पार्ने हुँदा उत्कृष्ट योजना तर्जुमा पद्धतिमा सिमितता गरिदिन सक्छ। गलत वा अपूर्ण सूचना, तथ्यांक तथा सुझावहरुले योजना तर्जुमा पद्धतिलाई गलत दिशातर्फ लाने जोखिम रहने र यसको उपलब्धिमा समेत सिमितता प्रदान गर्ने हुन्छ ।

### ७) श्रोत र साधनको अपर्याप्तताः

स्थानीय सरकारका यावत समस्या र जनआकांक्षाहरु रहनु स्वभाविक रुपमा लिइन्छ । आन्तरिक श्रोत साधनको कमी रहनु तर सम्पादन गर्नु पर्ने कार्यहरुको मात्रा बढी हुने हुँदा योजना तर्जुमाको शिलशिलामा समय, श्रोत, बिज्ञताको कमी भएमा यसको बिशिष्टतामा कमी आउने र कार्यान्वयनको चरण समेत गम्भिर असर गर्न सक्ने देखिन्छ ।

### ८) श्रम बजारमा आउन सक्ने परिवर्तन र प्रविधिको तिब्र विकासः

देशको आर्थिक अवस्था तरल र अनिश्चित रहेको वर्तमान सन्दर्भमा यस योजना तयारीको क्रममा नै एक्काशी कुनै राजनीतिक परिवर्तन वा सामाजिक बिश्रृंखलता, प्रविधिमा हुने अप्रत्यासित विकास वा गिरावट, श्रम बजारमा आउन सक्ने अनपेक्षित उतारचढावले यो योजना निर्माणका साथै कार्यान्वयन चरणलाई समेत सिमित गरिदिन पनि सक्छ ।

### ९) श्रमको मागमा आउने सक्ने विविधताः

प्रविधिको तिब्र विकास तथा अन्तराष्ट्रिय मुल्य मान्यताको अनुकरणका कारण वर्तमान समाजको उपभोगको प्रवृति, परिवर्तन, संस्कार, चालचलन आदिमा आउने परिवर्तन र उपभोक्ताको मागमा आउने परिवर्तनले उत्पादनमा समेत परिवर्तन आउन सक्ने र श्रमिकको माग एवं आपूर्तिमा समेत परिवर्तन आउन सक्ने, उनीहरुको सीप र दक्षताको स्तरमा समेत परिवर्तन ल्याउन सक्ने देखिन्छ । यसले श्रमिकको आपूर्ति र उनिहरुको प्रकृतिमा, आवश्यक पर्ने सीप, दक्षता, बिज्ञतामा समेत फरबदल हुने हुँदा यस प्रकारको अनुमान लगाउन कठिन हुन जान्छ र यस योजना र योजनाको कार्यान्वयनमा समेत सिमितता ल्याउने हुन्छ ।

### १०) प्रर्याप्त तथ्याङ्कको अभावः

यस योजना तर्जुमाको लागि आवश्यक अन्तर विषयगत तथ्याङ्कहरु त्रुटीपूर्ण र अपुरो हुनसक्ने सम्भावना पनि रहनसक्छ। यस सीमाहरुलाई योजना तर्जुमाको क्रममा उच्चतम सतर्कताका साथ बिचार गरिएको छ ।कार्यान्वयनका सन्दर्भमा पनि सम्बन्धित पक्षले यसलाई ख्याल गरि कार्यान्वयमा लान सकेमा यसको प्रभावकारिता तथा उपलब्धिलाई उच्चतम प्राप्ति गर्न सकिन्छ ।

# परिच्छेद - २ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)

नेपालमा प्रत्यक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् ।नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ ।नेपालको आन्तरिक श्रम बजारको माग र आपूर्तिको श्रृङ्खलाममा गडबडि रहेको देखिन्छ । श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सृजना हुने गरेको अवस्था छ । परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । नेपालमा जातजातिका आधारमा बाँडफाँड भएको परम्परागत पद्धति लोप हुने अवस्था तथा नयाँ व्यस्था अनुसारको सोँच, सीप, श्रोत र साधन समेतको अभाबमा उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका वा सीपविहिन भएका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ ।देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० ब्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ ।औषतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

## २.१ गाउँपालिकाको परिचय

परापूर्वकालमा भगवान शिवको क्रिडास्थलको रुपमा रहेको र पवित्र मानिएको यस भूमिमा भगवान शिवको आराधना र तपस्याको लागि ऋषि महर्षि र तपस्वीहरु आउने गरेको जनविश्वास रहेको छ। भगवान शिवको बसोवास गरेको क्षेत्रका रुपमा धार्मिक महत्व रहेको यस क्षेत्रलाई शिवपुरी भनिने गरिएको थियो।यसै शिवपुरी शब्दबाट नै गाउँपालिकाको नाम शिवपुरी रहन गएको हो। यस गाउँपालिका शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएको मात्र नभई नुवाकोट जिल्लाको ऐतिहासिक तथा धार्मिक रुपले महत्वपूर्ण भूमिको रुपमा रहेको छ। गाउँपालिकाको सबै भू-भाग मध्ये तथा उच्च पहाडी धरातलीय विशेषता बोकेको छ। नदीको तटिय क्षेत्र र पहाडको फेदीमा समथर फाँट रहेको यस गाउँपालिकाको कुल भू-भागको ४७.३०% भू-भाग १५ डिग्रीदेखि १० डिग्री भिरालो रहेको छ भने ५ डिग्रीदेखि कम भिरालो रहेको भू-भाग जम्मा २.१३% रहेको छ ।

भौगोलिक हिसाबले २७ डिग्री ४८ मिनेट ३२ सेकेण्ड देखि २७ डिग्री ५३ मिनेट २९ पूर्वी अक्षांश र ८५ डिग्री १८ मिनेट ११ सेकेण्ड देखि ८५ डिग्री २४ मिनेट ५१ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएर रहेको छ। कूल क्षेत्रफल १०१.५ ब.कि.मि. रहेको यस गाउँपालिका सामुन्द्रिक सतहको ६२० मिटर देखि २५२९ मिटरको उचाईमा रहेको छ। शिवपुरी गाउँपालिकाको कार्यालय वडा नं. ५ स्थित को शेरावगरमा रहेको छ । गाउँपालिकाको केन्द्र जिल्लाको सदरमुकाम विदुर देखि ३० कि.मी. र राजधानी काठमाण्डौ देखि ४० कि.मी. को सडकको दुरीमा रहेको छ। गाउँपालिकाको पूर्वमा सिन्धुपाल्चोक जिल्ला, पश्चिममा पञ्चकन्या, लिखु र ककनी गाउँपालिका, उत्तरमा पञ्चकन्या र दुप्चेश्वर गाउँपालिका तथा दक्षिणमा

शिवपुरी राष्ट्रिय निकुञ्ज पर्दछ । शिवपुरी गाउँपालिकाको धरातलीय अवस्थाको स्वरुप सबैजसो भू-भाग डाँडाकाँडा तथा भिरालो रहेको छ । केही वडाहरुका केही भागहरुमा बेशि तथा समतल जमिन रहेको छ।

नुवाकोट जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित शिवपुरी गाउँपालिका साविकका तलाखु, छाप, लिखु, सिक्रे, महाकाली, समुन्द्रादेवी, सुनखानी र थानापती गा.वि.स. समावेस गरि ८ वटा वडामा विभक्त रहेको छ । शिवपुरी गाउँपालिका बागमती प्रदेश अन्तर्गत नुवाकोट जिल्लामा रहेको छ । कूल १२ वटा स्थानीय सरकार मध्ये दक्षिण पूर्वी भू-भागमा अवस्थित यो गाउँपालिका प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि निर्धारण गरिएका २ वटा क्षेत्रहरु मध्ये क्षेत्र नं. १ मा अवस्थित रहेको छ भने प्रदेश निर्वाचन प्रयोजनका लागि क्षेत्र नं. १ (क) मा पर्दछ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या जम्मा २,९१,६४,५७८ रहेको छ । जसमध्ये नुवााकोट जिल्लाको जनसंख्या २,६३,३९१ रहेको छ र शिवपुरी गाउँपालिकाको जनसंख्या १७,२०३ रहेको छ जसमध्ये शिवपुरी गाउँपालिकाको जम्म घर परिवार संख्या ४९२५, पुरुषको संख्या ८२२२ (४७.७९ प्रतिशत), महिलाको संख्या ८९८१ (५२.२० प्रतिशत) रहेको छ भने लैङ्गिक अनुपात (sex ratio) अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९१.५५ रहेको छ । यहाँको परिवारको औषत आकार ३.४९ व्यक्तिहरु प्रति घरपरिवार रहेको छ ।पहिलोपटक विहे गर्दाको औंषद उमेर १८ देखि २० बर्षको विचमा रहेको छ । जनसंख्या प्रक्षेपण अनुसार हाल कायम जन्मदर, प्रजनन दर तथा अन्य परिस्थिति कायम रहे यस गाउँपालिकामा सन् २०२५ मा जनसंख्या १६,००५ रहने र प्रत्यक वर्ष घट्दै सन् २०५१ पुग्दा जनसंख्या घटेर ९,८३९ सम्म पुग्ने देखिन्छ ।समयमै गाउँपालिकामा उपलब्ध श्रम शक्तिको प्रयोग गरी समृद्ध गाउँपालिका निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ ।त्यसैले हाल पर्याप्त उपलब्ध यूवाशक्ति प्रयोग गरि भविष्यमा हुने यूवाशक्तिको कमि र प्रौढ जनसंख्या वृद्धि हुने जस्ता अवस्थाबाट उत्पन्न हुने विकराल परिस्थिको प्रतिकार्यको रुपमा समेत रोजगार रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनलाई लिन सकिन्छ ।

विभिन्न समुदायका चाडपर्व, रितिरिवाज, परम्पराका कारण आँफैमा अनुपम रहेको यस क्षेत्रमा हिन्दु एवं बौद्धमार्गीहरुका ऐतिहासिक पक्षहरुसँग जोडिएका प्रसिद्ध मन्दिर र गुम्बाहरु रहेका छन् ।यस गाउँपालिकामा रहेका विभिन्न धार्मीक स्थलको कारण यस क्षेत्रमा बर्षेनी हजारौं संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन भइरहेको देखिन्छ । महत्वपूर्ण धार्मिक सम्पदाका रुपमा शिवालय मन्दिर, छ्याङ्गडोङ्ग गुम्बा, भेनापोङ्ग गुम्बा, छोरचेन गुम्बा, विष्णुदेवी मन्दिर, महांकाल मन्दिर, मंकलादेवी थान, महाकाली मन्दिर, ताप्केटार गुम्बा, नारायणथान मन्दिर, कुण्डलादेवी मन्दिर, डुडेमहादेवथान मन्दिर, जेब्राङ्ग छोलुङ्ग गुम्बा, छेङ्गराङ्ग छोलुङ्ग गुम्बा, नरसिंह घाट, गणेशकाली मन्दिर, कर्माछोलिङ्ग गुम्बा, समुन्द्रदेवी मन्दिर, डोगुंडो गुम्बा, घर्मिनदेवी मन्दिर, थानापति मन्दिर, निचे गुम्बा, पेमा छैले गुम्बा, घ्याम्पेश्वर महादेव मन्दिर आदि रहेका छन्। तामाङ तथा खस भाषा मुख्य रुपमा रहेको यस क्षेत्रमा तामाङ जातिको मौलिक चालचलन तथा भेषभुषासहित

हिन्दु साँकृतिक अभ्यास उत्कृष्ट सम्पदाका रुपमा रहेको छ। गाउँपालिकामा जातजातिगत रुपमा ब्राम्हण, क्षेत्री, तामाङ्ग, गुरुङ्ग, नेवार, दलित लगायतको समुदायको सहिष्णुतायुक्त बसोवास रहेको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)ले सार्वजनिक गरेको २०२५ को मानव विकास प्रतिवेदन अनुसार नेपाल मध्यम खाले मानव विकास भएका मुलुकको सूचीमा १४५औं स्थानमा रहेको छ। नेपालको मानव विकास सूचकांक ०.६२२ रहेको छ, जसले पछिल्लो ३५ वर्षमा ५४ प्रतिशतको वृद्धि देखाएको छ। प्रतिवेदनले मानव विकासका बहुआयामिक पक्ष र श्रमुकल रोजगारीमा कृत्रिम बौद्धिकता (एआई)को प्रभाव र सम्भावनाबारे चर्चा गरेको छ । यसले समावेशी विकास र न्यायपूर्ण समाज स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना देखाएको छ । गरिबीको लघु क्षेत्र अनुमान २०६८ मा नुवाकोट जिल्लाको सन्दर्भमा औंलाइएका तथ्याङ्कलाई यस गाउँपालिकाको हकमा पनि सामान्यीकरण गर्न सकिन्छ । गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार तत्कालिन ७५ जिल्लामध्ये ३१ औं जिल्लामा रहको यस जिल्लाको गरिबीको दर ३७.४ प्रतिशत रहेको देखिन्छ ।

प्रदेश अनुसारको श्रमबजारका प्रमुख सूचकहरूलाई हेर्दा बागमती प्रदेशको श्रमबजारमा सबैभन्दा बढी सहभागिता दर देखिन्छ । बागमती प्रदेशको सहभागिता ४७.१% छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२७.३%) रहेको छ । त्यसैगरी जनसंख्याको अनुपातमा रोजगारी दर पनि सबैभन्दा बढी बागमती प्रदेशमा (४३.८%) छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२४.१%) रहेको छ । बेरोजगारी दर सबैभन्दा बढी मधेश प्रदेशमा (२०.१%) रहेको छ जुन राष्ट्रिय औँषतभन्दा दोब्बर देखिन्छ भने सबैभन्दा कम बेरोजगारी दर बागमती प्रदेशमा (७.०%) रहेको छ ।

नेपालको कूल साक्षरता दर ७६.२ प्रतिशत रहेको छ भने यस गाउँपालिकाको समग्र साक्षरता दर ६२ % रहेको छ । ५ देखि २५ वर्षका ७० प्रतिशत व्यक्तिहरु हाल अध्यनरत रहेका छन । ९८.९ प्रतिशत घरहरुमा विजुलिको सुविधा रहेको छ । आर्थिक क्षेत्र अनुसार कृषिमा सबै भन्दा बढि ८०.४ प्रतिशत तथा थोक व्यपारमा ५ %, निर्माणमा २.२%, उत्पादनमा २.२% जनसंख्या रहेको छ। त्यसैगरी पेशाअनुसार कृषि, वन र माछापालक कृषक ७६.६ %, सामान्य वा प्राथमिक पेशा गर्ने ११.५%, शिल्पकार तथा कारिगरी ३.३% जनसंख्याको वितरण रहेको छ । गाउँपालिकाको जम्मा ४९२५ घरधुरी मध्ये २,००६ (४०.७३ प्रतिशत) घरधुरीका २,५४४ जना युवाहरु वैदेशिक रोजगारमा गएका देखिन्छ। आफ्नै स्वामित्वमा घर हुने परिवार संख्या ९८.९ % रहेको छ भने भाडामा बस्नेको संख्या १.९ % रहेको छ । शिवपुरी भित्र लगभग १४ प्रतिशत घर परिवारमा ईन्टरनेटको पहुँच रहेको र सबैभन्दा बढी पहुँचमा वडा नं. २ मा ३०.८ % रहेको छ भने सबैभन्दा कम वडा नं. ७ मा २.७ र वडा नं. ४ मा १.१ % रहेको छ । ९५.८ प्रतिशत घरपरिवारको आफ्नै स्वामित्वको घर रहेको छ । ९८.४ प्रतिशत घर परिवारले काठ/दाउरालाई खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनको रुपमा प्रयोग गर्दछन ।

गाउँपालिकाबाट हरेक आर्थिक बर्षको लागि अति न्यून आय भएका तर कुनैपनि सीप समेत नभएका बेरोजगार ब्यक्तिहरुलाई लक्षित गरि रोजगारमुलक योजनाहरु संचालन गरी न्यूनतम रोजगारी सृजना गरिन्छ। आ.ब. २०८१/०८२ का लागि २६२ जना बेरोजगार ब्यक्तिहरु सूचीकृत भएका छन ।

वैदेशिक रोजगारका मुख्य गन्तब्य मुलुकको सन्दर्भमा नेपालमा वैदेशिक रोजगार मुख्य रुपमा खाडी समन्वय परिषद (GCC) राष्ट्रहरू र मलेशियामा केन्द्रित रहेको छ । सन् २०१७/०१८ मा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत गरी पाँच राष्ट्रले नेपालको कुल श्रम आप्रवासनको ९२% हिस्सा ओगटेकोमा सन् २०१८/१९ को पछिल्लो सर्वेक्षणमा आउँदा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत ८८% ओगटेको देखिन्छ । यसबाट नेपालको लागि ती श्रम वजारहरूको महत्व, श्रम वजारमा रहेको न्युन विविधता र नेपालको वैदेशिक रोजगार ती गन्तब्य मुलुकहरूको अर्थतन्त्रमा आउन सक्ने जोखिमबाट पूर्णतः प्रभावित छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

त्यस्तै पछिल्लो नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, (श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ) का अनुसार आ.व.२०७५/०७६ मा नेपालको श्रम आप्रवासनका प्रमुख ५ गन्तब्य देशहरूमा केही परिवर्तन आई कतार, युएइ, साउदी अरब, कुबेत र मलेशिया रहेका छन् । ती गन्तब्य मुलुकहरुमा जाने श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (महिला र पुरुषको आधारमा) प्रमुख ५ पेशालाई बिश्लेषण गर्दा सामान्य वा प्राथमिक सेवामा उच्च (५५ प्रतिशत) पुरुष तथा ५३ प्रतिशत महिला श्रमिकहरूहरुको संलग्न देखिन्छन् । दोश्रो सेवा र बिक्रीमा १६.२ ५ पुरुष र ३६.३५ महिला श्रमिक खपत भएको, तेश्रोमा निर्माण पेशामा केवल पुरुष मात्र १०.२५ जाने गरेका छन् । चौंथो पेशामा सवारी चालक तथा मेशिन अपरेटर रहेको छ । यस पेशामा ७.६५ पुरुष र १.३ ५ महिला रहेका छन् । पाँचौमा इलेक्ट्रिसियन र मेकानिकल टेक्निसियन पेशामा आकर्षण रहेको देखिन्छ। महिला श्रमिकहरू विशेषगरी सरसफाई, आतिथ्य, हेरचाह तथा स्याहारसुसार जस्ता क्षेत्रहरूमा केन्द्रित भएको पाइयो । यसबाट महिलाको तुलनामा पुरुषको पेशामा बढी विविधता रहेको देखिन्छ। व्यवसायिक तथा व्यवस्थापकीय पेशामा वैदेशिक रोजगारमा जाने महिला र पुरुष दुवैको संख्या न्यून रहेको छ । युएइमा सरसफाई, कतारमा निर्माण तथा सवारी चालक र मलेशियामा उत्पादनमुलक क्षेत्र, सेवा बिक्रि, सुरक्षा गार्ड, जस्ता क्षेत्रमा नेपाली श्रमिकहरूको बढी आकर्षण रहेको पाइएको छ ।

गुणस्तरीय कृषि उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादनमा यान्त्रिकरण अवलम्बन हुन नसक्नु र कृषि विकासका लागि आवश्यक सिँचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, कृषि उद्योगहरुसँगको समन्वयको अभाव रहदै आएको तथा कृषिमा बजारमुखी उत्पादन नीति कार्यान्वयन गर्न कठिन देखिएको छ । कृषिलाई व्यवसाय हैन आफ्नो जीवन रक्षाको स्वधर्मको रुपमा मात्र अङगिकार गरेको परम्परागत कृषि ज्ञान पनि विस्तारै लोप हुने जोखिममा देखिन्छ । ब्यवसायीक प्रयोजनको लागि मात्र हैन व्यक्तिगत, पारिवारिक तथा समुदाय स्तरमा खाद्य सुरक्षाको दृष्टिकोणबाट पनि कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नु जरुरी छ । बजारमुखि उत्पादन र मुल्य निर्धारणले कृषकलाई सँधै मार्कामा पार्ने गरेको छ।

अन्य उत्पादनमा उत्पादकले मुल्य निर्धारण गरे पनि कृषि उत्पादनको मुल्य कसरी निर्धारण हुन्छ कृषकलाई जानकारी नै नहुने हुँदा कृषि पेशा प्रति आम सर्वसाधारणहरुको उदासिनता बढ्दै गएको छ । काठमाडौ उपत्यकाबाट नजिकै रहे पनि उद्योग, कलकारखाना र उचित वातावरणको अभावले रोजगारीको लागि यहाका स्थानीयबासीहरु काठमाडौ र बैदेशिक रोजगारीमा भर पर्नु परेको अवस्था रहेको छ ।विगतमा कृषिमा निर्भर जनसंख्या पनि तिब्र रुपमा अन्य क्षेत्रमा रोजगारीको अवसरको खोजिमा रहेको छ तर आवश्यक सीप र तालिमको अभावले उचित रोजगारी प्राप्त गर्न नसक्ने र कृषि ज्ञान समेत लोप हुने अवस्था छ ।

## २.२ रोजगारीका समस्या तथा चुनौतीहरु

शिवपुरी गाउँपालिका क्षेत्र भित्र श्रम तथा रोजगारीका क्षेत्रमा विभिन्न समस्या तथा चुनौतीहरु रहेका छन । आन्तरिक रोजगारी प्रवर्धन गर्नु, लगानीमैत्री वातावरणको सृजना गरी नीजी क्षेत्रलाई लगानी प्रोत्साहन गरी रोजगारीको अवसर सृजना गर्नु, श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रत्याभुती गर्नु जस्ता चुनौतीहरु रहेका छन । रोजगारीका क्षेत्रमा देखिएका अवसर र चुनौतीहरु देहाय बमोजिम प्रस्तुत गरीएको छ ।

- ❖ गाउँपालिका क्षेत्र भित्र रहेका जनसांख्यिक लाभको अधिकतम उपयोग गरी स्थानीय अर्थ व्यवस्थालाई गतिशिल बनाउनु,
- ❖ स्थानीय आन्तरिक प्रणाली विकास गरि आत्मनिर्भर अर्थतन्त्र निर्माणको गर्नु,
- ❖ पालिका भित्र विभिन्न विषय र क्षेत्रगत रुपमा रोजगारी सृजना गर्नु,
- ❖ नागरिकहरुको उद्यमशीलता विकास गरी उत्पादकत्व वृद्धि गर्नु,
- ❖ बैदेशिक रोजगारी तथा शिक्षाबाट फर्कीएका नागरिकहरुलाई सहुलियतपूर्ण ऋण सुविधा उपलब्ध गराउनु,
- ❖ अनौपचारिक क्षेत्रमा रहेको श्रमशक्तिलाई क्रमशः औंपचारिक क्षेत्रमा आकर्षिक गर्नु,
- ❖ श्रम तथा रोजगारीका क्षेत्रमा रहेका समस्याहरु समाधान गर्नु,
- ❖ स्थानीय अर्थतन्त्रलाई सुधार गरी गतिशिल बनाउनु,
- ❖ तीनै तहका सरकारहरुका बीचमा समन्वय र सहकार्य गरी नीतिगत जटिलताहरु समाधान गर्नु,
- ❖ श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरि सामाजिक सुरक्षाको प्रवन्ध गर्नु,
- ❖ रोजगार व्यवस्थापन सूचना प्रणालीको अधिकतम उपयोग गर्नु,
- ❖ बैदेशिक रोजगारबाट प्राप्त सीप, पूँजी प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

## २.३ रोजगारीका सम्भावना तथा अवसरहरु

गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने अधिकांश नागरिकहरु कृषि पेशामा आवद्ध रहेका छन । तीनै तहको सरकारहरुले श्रम तथा रोजगारीका क्षेत्रमा विभिन्न नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्था गरी रोजगारीको क्षेत्र पहिचान र विकास गरेका छन । गाउँपालिका क्षेत्र भित्र रहेका रोजगारीका सम्भावना तथा अवसरहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- स्थानीय आन्तरिक रोजगार प्रणाली विकास गरि आत्मनिर्भर अर्थतन्त्र निर्माणको प्रयास भएको छ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत न्यूनतमम रोजगारी सृजना भएका छ ।
- गाउँपालिकाले युवाहरुका लागि स्वरोजगारमुलक, व्यवसायिक र सीपमुलक तालिम संचालन गर्ने नीति अवलम्बन गरेको छ ।
- कृषि तथा पशुपंक्षीको क्षेत्रमा पकेट क्षेत्र कार्यक्रम संचालनमा रहेको छ ।
- नीजि क्षेत्र र गैरसरकारी क्षेत्रलाई स्थानीय विकासमा सँगै लैजान सकिने सम्भावना रहेको छ।
- बिभिन्न किसिमका सीप विकास तालिमहरु संचालन भएका छन ।
- बैदेशिक रोजगारमा जान चाहने, गएका र फर्केका युवाहरु लक्षित सुरक्षित आप्रबाशन कार्यक्रम संचालनमा रहेको छ ।
- पालिका भित्र उत्पादन हुने कृषि उपज, स्थानीय विउ विजन, स्थानीय सीप र ज्ञानबाट निर्मित सामाग्री खरिद, उपयोग तथा बिक्रि बितरण कार्यक्रम संचालन गर्न सक्ने सम्भाबना छ ।
- पालिका भित्रका योजना तथा कार्यक्रम संचालनमा श्रममुलक प्रविधि अवलम्बन गर्ने नीति रहेको
- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुमा सीप र पूँजीको उपलब्धतालाई सदुपयोग गर्न पुनः एकीकरण कार्यक्रम संचालनको प्रयास भैरहेको छ ।
- विभिन्न क्षेत्रहरुमा रोजगारी सृजना हुने सम्भाबना भएका कार्यक्रमहरु संचालनमा रहेका छन।

## परिच्छेद - ३ रणनैतिक विश्लेषण (Strategic Analysis)

शिवपुरी गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने अधिकांश जनता कृषि पेशामा सक्रिय रहेका छन। आफुले उत्पादन गरेको कृषिले बर्षैभरी खान पुग्ने अवस्था रहेको छैन । स्थानीय सरकारले श्रम तथा रोजगारीलाई गरिवी न्यूनीकरण र बेरोजगारी समस्या समाधानमा उपयोग गर्न सकेको अवस्था छैन । गाउँपालिका क्षेत्र भित्र पर्याप्त रोजगारीका अवसरहरुको सृजना नहुँदा वर्षेनी ठूलो संख्यामा युवा जनशक्ति रोजगारीका लागि विदेशिनुपरेको छ । मुलुकमा प्रत्यक वर्ष श्रम बजारमा प्रवेश गर्ने करिव ५ लाख श्रमशक्तिलाई आन्तरिक रोजगारीको अवसरमा व्यवस्थापन गर्न नसक्दा दैनिक करिव १,५०० जना बैदेशिक रोजगारीमा गएको तथ्याङ्कले देखाउँदछ । युवा जनशक्तिले देशमा रोजगारी नदेख्दा यो क्रम बढ्दो छ । करिव ४० प्रतिशत घरधुरीबाट कोही न कोही बैदेशिक रोजगारीमा जाने गरेको देखिएको छ । गाउँपालिकामा उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक युवालाई आकर्षण गर्न सकिएको छैन ।

गाउँपालिका क्षेत्र भित्र बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएको भएतापनि उपलव्धि भने न्यून भएको अवस्था छ। संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरि तिन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशिल रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र मौलिक हकको रुपमा स्थापित नीतिले मात्र रोजगारीका संख्या बढाउन नसकिने र बर्षेनी हजारौं बेरोजगार नागरिक बैदेशिक रोजगारीमा जान बाध्य भएको बर्तमान चुनौतीलाइ आत्मसाथ गरि आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरि स्थानीय सरकारको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाइ गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा लिईएको छ ।

स्थानीयस्तरमा श्रमबजार तथा रोजगारी प्रबद्धनको क्षेत्रमा रहेको मुख्य समस्या तथा चुनौतीहरु निम्न अनुसार रहेको छन्

(क) रोजगारी सृजनाको राष्ट्रिय सोँच र संकल्पको अभाव,

(ख) स्थानीय मौलिक आत्मनिर्भर सोँचको अभाब,

(ग) औद्योगिक पूर्वाधारको अभाव,

(घ) पूँजीको अभाव,

(ङ) उत्पादनशील रोजगारको कमी (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था),

(च) अपर्याप्त संस्थागत संरचना,

(छ) शिक्षाको कमजोर स्तर तथा अपर्याप्त सीप विकास, व्यवसायिक शिक्षा र ज्ञानको अभाव,

(ज) अन्तरसरकारी तथा सरकारी, नीजि तथा गैरसरकारी निकाय बीच समन्वयको अभाव,

(झ) श्रम बजार सूचना प्रणाली र श्रम प्रशासनको अभाव,

(ञ) श्रम तथा रोजगारमैत्री नीति तथा कानुनको अभाव,

## परिच्छेद - ४ रणनैतिक सवालहरु (Strategic Issues)

विश्व व्यवस्थामा सुरुवात भएको विश्वयुद्धको विजारोपण स्वरुप विश्वमा चलिरहेको बहुआयामिक युद्धले नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने पर्यटन उद्योग र बैदेशिक रोजगारीमा ठूलो धक्का पुग्ने देखिन्छ। नेपालको वैदेशिक रोजगारको मुख्य गन्तब्य मुलुकको रुपमा रेहेको मुख्य रुपमा खाडी (GCC) राष्ट्रहरूका वरपर सृजित द्वन्द र युद्धले आउन सक्ने जोखिम र त्यसबाट सृजना हुने सक्ने विकराल स्थितिलाई आँकलन गर्न सकिएको अवस्था छैन। अमेरिका लगायत विकसित देशहरुमा शुरु भएको आप्रबासीलाई घर फिर्ता नीति तिब्र रुपमा विश्व अनुकरण हुँदै गरेको अवस्थामा छ । बैदेशिक रोजगारीबाट राज्यले राम्रो आय हासिल गरे पनि त्यसका जोखिम र निराकरणलाई ध्यान दिन सकेको छैन । विपत् परिसकेपछि सर्वश्व गुमाउनुभन्दा बेलैमा तयारी गर्नुपर्ने अत्यावश्यक देखिन्छ । निर्यातका लागि मात्र हैन आन्तरिक खपतका लागि समेत आवश्यक उत्पादन, प्रशोधन र बजारिकरणको अभावका कारण भएका उद्योगहरु बन्द हुने अवस्थामा वैदेशिक रोजगारी र पर्यटन समेत धरासायी हुँदा विदेशबाट फर्किने जनशक्तिलाई ब्यवस्थापन गर्न बेलैमा तयारी नगरे नेपालमा भयाबह स्थिति उत्पन्न हुने देखिन्छ। परम्परागत सीपमा आधारित रोजगारी गुम्दै जाने र आधुनिक क्षेत्रमा कृतिम बौद्धिकता र यान्त्रीकरणले मानवीय रोजगारी धरापमा पर्दै जाने हो भने रोजगारीकै कारण नेपालको अस्तित्व माथि नै खतरा उत्पन्न हुने देखिन्छ ।

यस गाउँपालिकामा रोजगार सेवा केन्द्र मार्फत संचालित राष्ट्रिय प्राथमिकता प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रमले सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति एवम् श्रम बजारमा आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यबाट उत्पादनशील रोजगारी र मर्यादित काम लगायतको दीगो विकासको लक्ष्य प्राप्तिमा सहयोगी पुर्याएको छ । स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुऱ्याउने लक्ष सहित स्थानीय स्रोत र साधनको प्रयोग गरी ज्याला मार्फत न्यूनतम रोजगारी सृजना गरी गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी विभिन्न क्षेत्रमा योजनाहरु छनौट गरिन्छ ।छनौट हुने आयोजनाहरु विभिन्न अन्तरसम्बन्धित क्षेत्रहरुसँग जस्तै सडक निर्माण तथा मर्मत सम्भार, कृषि तथा सिँचाई, पर्यटन र सामुदायिक स्थलहरु सँग सम्बन्धित क्षेत्रहरुमा न्यूनतम रोजगारी सृजना हुने गरेको छ ।रोजगार योजनाहरुले सामुदायिक विकास मार्फत न्यूनतम रोजगारी सृजाना मात्र नभएर उत्पादनशिल रोजगारी र कृषि पर्यटकीय अर्थतन्त्र निर्माणको पनि सम्भावना देखाउन सफल भएको देखिन्छ । टोल, बस्ती, मरणघाट र पर्यटकीय स्थलहरुसँग सम्बन्धित स्थानहरुमा उल्लेखनीय रुपमा पैदलमार्गहरु निर्माण भएका छन । कच्ची सडकहरुमा ढुङ्गा सोलिङको कामहरुमा पनि उल्यखनिय सुधार भएको छ ।यसबाहेक धार्मिक स्थल, पाटी, चौतारा र सार्बजनिक स्थानहरुमा पुर्वाधार निर्माणको कामले पनि तिब्रता पाएको छ ।

तिब्र रुपमा झाङ्गिदै गरेको गरिबी र बहुआयामिक प्रकृतिका बेरोजगारी जस्ता विकराल समस्यालाई आधारभूत र आत्मनिर्भर रुपमा समाधान गर्ने कुरामा रोजगार योजनाहरु दरिलो कोषेढुङ्गा साबित हुँदै गएको देखिन्छ। उच्च प्रविधिको तिब्र विकास र यान्त्रीकरणको युगमा तुलनात्मक रुपमा कम प्रभावकारी देखिए

पनि हामिले पटक पटक भोकिसकेका महाभुकम्प, महामारी, आर्थिक मन्दी र युद्धले हुने महाबिनासका कारण उत्पन्न हुने दुस्प्रभाब बिरुद्ध प्रतीकार्यको स्वरुप अत्याधुनिक प्रविधिविना गरिने विकास र रोजगारी सृजनामा आधारभूत श्रम प्रविधिको उपयोग गरेर प्रधानमन्त्री रोजगार कार्यक्रमले अग्रिम तयारी चरण समेत पुरा गरि दोस्रो चरणमा प्रवेश गरी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत आन्तरिक रोजगारी दशक मनाउने मार्गचित्र प्रस्तुत गरेको छ ।यस प्रकारको आधारभूत रोजगारीलाई थप मजबुत बनाउँदै दिर्घकालिन रोजगारीका क्षेत्रहरुको पहिचान गरी थप सशक्त रोजगारीको अवसर तयार पारी बाध्यकारी र सीपविहिन रुपमा बैदेशिक रोजगारीमा जाने युवाहरुको संख्यामा उल्यखनिय कटौती गर्नुपर्ने देखिन्छ ।

लक्षित वर्गहरुको पँहुच अभिबृद्धि गरी रोजगारीको सृजना, बेरोजगारी समस्या समाधानका लागि आवश्यक कदम चाल्नुपर्ने हुन्छ । रोजगारीको हक सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आ-आफ्नो क्षेत्रबाट आवश्यक नीतिगत तथा नीति व्यवस्था गर्नुपर्ने हुन्छ । तीनै तहको सरकारले गरेका विभिन्न प्रयासहरुका बावजुत पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । स्थानीय सरकारले श्रोत साधनको अभावमा आवश्यक विभिन्न कार्यक्रमहरु तर्जुमा गर्न नसकेको अवस्था छ भने कतिपय क्षेत्रहरुमा कार्यक्रमको दोहोरोपना विद्यमान रहेको छ । श्रम तथा रोजगारीका विषयहरुलाई स्थानीयकरण गर्नु, उपलब्ध साधन स्रोतको न्यायिक वितरण तथा पुनर्वितरण गर्नु, रोजगार कार्यक्रमलाई उपलव्धिमूलक बनाउनु, बैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र भरपर्दो बनाउनु, उद्यमशीलताको प्रवर्द्धन गर्नु, नागरिकको जीवनस्तरमा सुधार गर्नु जस्ता विषयहरुलाई ध्यानमा राखेर स्थानीय रणनीतिक योजना तर्जुमा गरिएको छ।

## परिच्छेद - ५ दुरदृष्टी, ध्येय र उद्देश्य (Long-term Vision, Mission and Objectives)

### ५.१ दुरदृष्टि

**सामाजिक सुरक्षा सहितको मर्यादित श्रम र उत्पादनशील रोजगारी**

### ५.२ ध्येय

दक्ष, प्रतिस्पर्धी र वहुसीपयुक्त जनशक्ति मार्फत गरीवी र बेरोजगारी न्यूनीकरण

### ५.३ उद्देश्य

यसका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

- गाउँपलिका भित्र रहेका जनशक्तिको सीप विकास गरी स्थानीय मौलिक उद्यमशीलता प्रवर्धन गर्ने।
- रोजगारीको तथ्याङ्क संकलन र विश्लेषण गरी अवसरको पहिचान गर्ने ।
- न्युनतम रोगारीको सुनिश्चितता गर्ने ।
- श्रम बजारका क्षेत्रमा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्ने ।
- दक्ष सिपयुक्त क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।
- श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।
- रोजगारीका अवसरहरुको पहिचान, सृजना र प्रवर्धनका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गर्ने ।
- व्यवसायिक सीप विकास र स्वरोजगारी मार्फत गरिवी न्यूनीकरण र बेरोजगारी समस्या समाधान गर्ने ।
- गाउँपालिकाको माग र आवश्यकताको आधारमा श्रम वजारको नीति बमोजिम योजना तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गर्ने ।
- दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास र परिचालन गर्ने ।
- श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।
- बैदेशिक रोगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक र पारिवारिक रुपमा पुनः स्थापना तथा पुनः एकीकरण गर्ने ।
- एकीकृत श्रम तथा रोजगारीमुलक सेवा प्रवाह गर्ने ।

# परिच्छेद - ६ रणनैतिक लक्ष्यहरु (Strategic Goals)

## ६.१ रणनैतिक लक्ष्यहरु

- ❖ रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान तथा सेवाहरुको नक्साङ्कन गर्ने ।
- ❖ श्रम बजारमा दक्ष, प्रतिस्पर्धी र वहुसीपयुक्त स्थानीय जनशक्तिको विकास गर्ने ।
- ❖ स्थानीय श्रम बजारमा देखिएका सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गर्ने ।
- ❖ उद्यमशीलता प्रवर्धन, स्वरोजगारी मार्फत गरीवी र बेरोजगारी न्यूनीकरण गर्ने ।
- ❖ बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र विश्वसनीय बनाउन समन्वय, सहकार्य र सहजीकरण गर्ने।
- ❖ स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाउने ।
- ❖ श्रम तथा रोजगार सम्बन्धी एकीकृत तथ्याङ्क प्रणालीको विकास गर्ने ।

# परिच्छेद - ७ रणनैतिक स्तम्भ/ प्रमुख रणनीतिहरु (Major Strategies)

## ७.१ प्रमुख रणनैतिक स्तम्भ

शिवपुरी गाउँपालिकाको रणनीतिक योजनाको दिर्घकालीन सोँच, लक्ष्य र उद्देश्यको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्नका लागि तपशिल बमोजिमका रणनीति र कार्यनीतिहरु तय गरीएको छ ।

स्तम्भ- १ : आन्तरिक रोजगारी प्रवर्द्धन

स्तम्भ- २ : बहुसीपयुक्त जनशक्ति विकास तथा परिचालन

स्तम्भ- ३ : विभेदरहीत श्रम सम्बन्ध र सामाजिक सुरक्षा

स्तम्भ- ४ : एकीकृत तथ्याङ्क प्रणालीको विकास

स्तम्भ- ५ : समन्वय र सहकार्य

## ७.२ रणनीति तथा कार्यनीति

**रणनीतिक स्तम्भ नं. १ आन्तरिक रोजगारी प्रवर्द्धन**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ न्युनतम रोजगारीको प्रत्याभुत गर्ने | ➢ गाउँपालिकाबाट हुने सार्वजनिक निर्माणमा श्रममुलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै रोजगारमुलक योजनाहरुलाई पहिलो प्राथमिकतामा राखि बजेट तथा योजना निर्माण गरिनेछ ।<br>➢ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ।<br>➢ संघीय सरकार सँग समन्वय गर्दै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>➢ स्थानीय सरकारको खर्च प्रणालीलाई रोजगारी प्रवर्द्धन सँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने योजना तथा कृयाकलापहरुबाट सृजना हुने रोजगारीको अवसरलाई (Employment Indicator) **"रोजगारमुलक सूचक"** को रुपमा तथ्याङ्क संकलन तथा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ । |
| १.२ रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान | ➢ रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरी उपयोग गरिनेछ ।<br>➢ रोजगारी सृजनामा नीजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र सामुदायिक संघ, संस्था सँग सहकार्य गरिनेछ ।<br>➢ रोजगारीका नयाँ गन्तब्यहरुको पहिचान र विकास गरिनेछ ।<br>➢ रोजगारीका प्रमुख क्षेत्रहरुको नक्साङ्कन गरिनेछ ।<br>➢ नवप्रवर्द्धन तथा नवउद्यकोपहुचान गर्दै रोजगारी प्रवर्द्धनको लागि स्थानीय उपाय बैंक (Local idea Bank) स्थापनाको लागि कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| १.३ युवा लक्षित स्वरोजगार कार्यक्रम | ➢ युवाहरुलाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।<br>➢ बैदेशिक रोजगारी बाट फर्किएका युवा लक्षित पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>➢ उद्यम गर्न चाहने युवाहरुको लागि युवा स्वरोजगार कोषबाट अनुदान वा सहलियतपूर्ण कर्जाको उपलब्धताको लागि आवश्यक पहल गरिनेछ ।<br>➢ स्वरोजगार हुन चाहने व्यक्तिहरुका लागि बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । |

**रणनीतिक स्तम्भ नं. २ बहुसीपयुक्त जनशक्ति विकास तथा परिचालन**

| रणनीति | कार्यनीति |
| --- | --- |
| २.१ स्थानीय श्रम बजारमा आवश्यक दक्ष तथा अर्धदक्ष जनशक्तिको विकास गरी सन्तुलन कायम गर्ने | ➢ रोजगारमुलक सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ वहुसीपयुक्त जनशक्ति विकासमा जोड दिइनेछ ।<br>➢ दक्ष तथा अर्धदक्ष जनशक्तिको लागि अल्पकालीन तथा मध्येकालीन तालिमको व्यवस्था गरिनेछ ।<br>➢ श्रम बजारमा माग बमोजिमको जनशक्ति तयार गर्न कार्यस्थलमा आधारित सिपमुलक तालिम संचालन गरिनेछ ।<br>➢ गाउँपालिका क्षेत्र भित्र रहेका परम्परागत ज्ञान, सीप र दक्ष जनशक्तिहरुको पहिचान गरि कृषि लगातका क्षेत्रहरुमा श्रमिक उपलब्ध गराउन आवश्यक प्रणाली विकास गरिनेछ । |
| २.२ व्यवसायिक र सीपमुलक तालिम संचालन गर्ने | ➢ संघ, प्रदेश सँग समन्वय गर्दै व्यवसायिक सीप विकासका कार्यक्रम संचालन गरिनेछ ।<br>➢ गाउँपालिका क्षेत्र भित्रका लक्षित समुहका विभिन्न कार्यक्रमहरुलाई व्यवसायिक र सीपमुलक तालिम कार्यक्रम सँग आवद्ध गरिनेछ ।<br>➢ व्यवसायिक र सीपमुलक तालिम प्रदान गर्न अन्य संस्थाहरु सँग सहकार्य गरिनेछ । |
| २.३ व्यवसायिक र सीपमुलक तालिम गुणस्तरीय र जीवनपयोगी बनाउने | ➢ तालिम सम्बन्धी स्पष्ट मापदण्ड बनाइनेछ ।<br>➢ गाउँपालिका भित्रका नागरिकहरुको दोहोरोपना नहुने गरी व्यवसायिक र सीपमुलक तालिम संचालन गरिनेछ ।<br>➢ व्यवसायिक र सीपमुलक तालिमलाई जीवनपयोगी बनाउन आवश्यक कार्यहरु गरिनेछ ।<br>➢ तालिममा सिकेका ज्ञान र अनुभवहरुको आदान प्रदान तथा समुदायस्तरमा प्रचारप्रसार गरिनेछ । |

**रणनीतिक स्तम्भ नं. ३ विभेदरहीत श्रम सम्बन्ध र सामाजिक सुरक्षा**

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ श्रम तथा रोजगारीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | ➢ श्रमको सम्मान गर्ने सँस्कृतिको विकास गरिनेछ । <br>➢ रोजगारी रणनीतिको प्रभावकारी कार्यान्वयन गरी श्रमिकको सिप अन्तर लाइ सुधार गरिनेछ । <br>➢ श्रम तथा रोजगारीलाई उत्पादन र उत्पादकत्व सँग आवद्ध गरिनेछ । <br>➢ उद्यमशीलताको विकास तालिम संचालन गरी स्वरोजगारीमा अभिवृद्धि गरिनेछ। |
| ३.२ असल श्रम सम्बन्ध कायम गर्ने | ➢ श्रम सम्बन्धमा देखिएका समस्याहरुलाई समाधाना गर्न स्थानीय न्यायिक समितिलाई क्रियाशील बनाइनेछ । <br>➢ सामुदायिक संघ संस्था, रोजगार प्रदायक र श्रमिक विच निरन्तर संवाद र सहकार्य गरिनेछ । <br>➢ श्रमिकको सँगठित हुने अधिकार र सामुहिक सौदावाजीलाई प्रवर्द्धन गरिनेछ। |
| ३.३ वालश्रमलाई निवारण गर्ने | ➢ गाउँपालिकालाई वालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ । <br>➢ वालश्रमलाई निरुत्साहित गर्नका लागि वालमैत्री कार्यक्रमसँग सहकार्य गरिनेछ। <br>➢ गाउँपालिका भित्रका सार्वजनिक निर्माणमा वालश्रम निषेध गरिनेछ । |
| ३.४ श्रमिकलाई सामाजिक सुरक्षाको प्रत्याभुती गर्ने | ➢ अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकलाई क्रमशः औंपचारिक क्षेत्रमा आवद्ध गरिनेछ । <br>➢ कार्यस्थलमा हुने जोखिम न्यूनीकरणका लागि सामुहिक दुर्घटना बिमाको व्यवस्था गरिनेछ । <br>➢ श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन उत्प्रेरित गरिनेछ । <br>➢ गाउँपालिकाभित्रका सार्वजनिक निर्माणका क्षेत्रमा सामुहिक दुर्घटना विमालाई प्रवर्द्धन गर्दै लगिनेछ । |
| ३.५ जोखिम न्युनिकरण तथा क्षतिपुर्ति | ➢ जोखिम न्यूनीकरण र क्षतिपुर्ति प्रदान गर्न आर्थिक सहायत तथा विपद व्यवस्थापन कोषको परिचालन गरिनेछ । |

**रणनीतिक स्तम्भ नं. ४ एकीकृत तथ्याङ्क प्रणालीको विकास**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ श्रम तथा रोजगारीको तथ्याङ्क संकलन गर्ने | ➢ श्रम तथा रोजगारी सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गरी रोजगार प्रोफाइल सहितको श्रम बैंक प्रणाली विकास गरि सञ्चालन गरिनेछ । <br>➢ गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन विश्लेषण र बेरोजगार सूची अद्यावधिक गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ➢ छिमेकी मुलुक लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने नागरिकको सूची तयार गरिनेछ ।<br>➢ गाउँपालिका क्षेत्र भित्रका पुर्व राष्ट्रसेवक कर्मचारी, सैनिक प्रहरी लगायतका जनशक्तिको तथ्याङ्क संकलन तथा व्यवस्थापन गरि उनीहरुको ज्ञान, सिप र अनुभवलाई स्थानीय विकासमा आवद्ध गरिनेछ ।<br>➢ श्रम तथा रोजगार सँग सम्बन्धित तथ्याङ्कलाई पालिका भित्रका नीति, योजना र कार्यक्रममा उपयोग गरिनेछ । |
| ४.२ स्थानीय श्रम बजारमा माग र आपूर्ति विचको अन्तर पहिचान गर्ने | ➢ स्थानीय श्रम बजारमा श्रमिकको माग र आपूर्ति विचको अन्तर पहिचान गर्ने सूचना प्रणालीको विकास गरिनेछ ।<br>➢ रोजगार सेवा केन्द्र र सेवा प्रदायक निकायहरुको क्षमता विकास गरिनेछ।<br>➢ श्रमिक र सेवा प्रदायक निकायबिच निरन्तर अन्तरक्रियाका लागि आवश्यक वातावरणको तयार गरिनेछ । |
| ४.३ श्रम सूचना प्रणालीको अन्य क्षेत्रसँग आवद्ध गर्ने | ➢ गाउँपालिकाको आफ्नै स्थानीय रोजगार सूचना प्रणालीको विकास गरिनेछ।<br>➢ स्थानीय रोजगार सूचना प्रणालीलाई गाउँपालिकाको वेभसाईट लगायत अन्य प्रणालीहरुसँग अन्तरआवद्धता गरिनेछ ।<br>➢ गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरणलाई श्रम सूचना प्रणालीमा आवद्ध गरिनेछ । |

**रणनीतिक स्तम्भ नं. ५ समन्वय र सहकार्य**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाउने | ➢ पालिकाभित्र लगानीमैत्री वातावरण सृजना गरि रोजगारीमुलक बिकासका लागि आवश्यक नीतिगत तथा नीति व्यवस्था गरिनेछ ।<br>➢ अनौपचारिक क्षेत्रमा रहेका श्रमिक, व्यापार व्यवसाय, उद्योगलाई क्रमशः औंपचारिकीकरण गरिनेछ ।<br>➢ लगानीमैत्री नीति तथा कानुनको तर्जुमा प्रक्रियामा सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता गराइनेछ ।<br>➢ कृषि, पशु, उद्योग, विज्ञान प्रविधि मैत्री उद्योग र सहकारी क्षेत्रबाट उत्पादित बस्तुहरुको खरिद, खपत तथा विक्रिका लागि आवश्यक अनुदानमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्धन गरी युवाहरुलाई सिर्जनशील र नवप्रवर्धनशील क्षमताका विकास गरिनेछ । |
| ५.२ तहगत सरकारका विचमा समन्वय र सहकार्य गर्ने | ➢ रोजगारी सृजना र गरिवी न्यूनीकरणका लागि नेपाल सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ➢ नेपाल सरकार र प्रदेश सरकार सँगको लागत सहभागितामा श्रम तथा रोजगारी सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि पालिकाबाट लागत सहभागितामा काम गर्ने गरी योजना तथा कार्यक्रम संचालन गरिनेछ । |
| ५.३ क्षेत्रगत रुपमा समन्वय र सहकार्य गर्ने | ➢ रोजगारी सृजना र गरिवी निवारणमा नीजी क्षेत्रलाई समेत परिचालन गरिनेछ ।<br>➢ लगानी सम्भाव्य क्षेत्रहरुको पहिचान गरी निजी क्षेत्रलाई आकर्षण गरिनेछ।<br>➢ नीजी क्षेत्रको विकासका लागि लगानीमैत्री वातावरणको सृजना र सहकार्य गरिनेछ।<br>➢ श्रम तथा रोजगारीको क्षेत्रमा उत्पादनमुलक सहकारी क्षेत्रलाई परिचालन गरिनेछ।<br>➢ सामुदायिक संघसंस्था, टोल विकास संस्था, उपभोक्ता समिति, रोजगार संवाद मञ्चको अधिकतम परिचालन र उपयोग गरिनेछ । |

# परिच्छेद - ८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan)

**रणनीतिक स्तम्भ नं. १ आन्तरिक रोजगारी प्रवर्द्धन**

**रणनीति १.१ न्युनतम रोजगारीको प्रत्याभुत गर्ने**

**कार्यनीति :१.१.१ गाउँपालिकाबाट हुने सार्वजनिक निर्माणमा श्रममुलक प्रविधिको अवलम्बन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.१.१.१ | न्युनतम रोजगारीका क्रियाकलापहरुलाई उत्पादनशील रोजगारीमा आवद्ध गर्ने । | रोजगार सेवा केन्द्र | गाउँपालिका कार्यालय | दोस्रो वर्ष | न्युनतम रोजगारीका क्रियाकलापमा संलग्न श्रमिकहरु श्रम बजारमा संलग्न भएको हुनेछ । | आवश्यकता अनुसार | क |
| १.१.१.२ | “रोजगारमुलक सूचक” (Employment Indicator) विकास गर्ने | रोजगार सेवा केन्द्र | गाउँपालिका कार्यालय | पहिलो वर्ष | रोजगारमुलक योजनाहरुको पहिचान भएको हुनेछ । | | |
| १.१.१.३ | बैदेशिक रोजगारीबाट फर्किएका युवा लक्षित पुनः एकीकरण कार्यक्रम सञ्चालन | रोजगार सेवा केन्द्र | गाउँपालिका कार्यालय | पहिलो वर्ष | बैदेशिक रोजगारीबाट प्राप्त सीप तथा पूँजीको सहि सदुपयोग भएको हुनेछ । | | |

**कार्यनीति : १.१.२ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.१.२.१ | उपलब्ध सूचना प्रविधिको प्रयोग गरि जनचेतनामुलक सामाग्री निर्माण तथा श्रमको सम्मान राष्ट्रको अभियान संचालन गरिनेछ। | रोजगार सेवा केन्द्र | नेपाल सरकार, गा.पा.. | निरन्तर | श्रम तथा श्रमिकको धारणामा सकारात्मक परिवर्तन भएको हुनेछ। | आवश्यकता अनुसार | घ र ङ |

**कार्यनीति : १.१.३ नेपाल सरकार सँग समन्वय गर्दै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।**

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.१.३.१ | नेपाल सरकार सँग समन्वय गर्दै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको निरन्तरता प्रदान गरिनेछ । | रोजगार सेवा केन्द्र | नेपाल सरकार, गा.पा.. | निरन्तर | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सबै वडामा लागू भई रोजगारी सृजना भएको हुनेछ । | आवश्यकता अनुसार | ग |

**कार्यनीति : १.१.४ गाउँपालिकाको खर्च प्रणालीलाई रोजगारी प्रवर्द्धन सँग आवद्ध गरिनेछ ।**

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.१.४.१ | सार्वजनिक खर्चलाई रोजगारी सँग आवद्ध गर्न रोजगारमूलक योजनालाई प्राथमिकतामा राखिनेछ। | गा.पा.. | गाउँसभा, विषयगत शाखा. | निरन्तर | रोजगारी संख्यामा बृद्धि हुनेछ । | आवश्यकता अनुसार | क र ङ |

**रणनीति १.२ रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान**

**कार्यनीति :१.२.१ रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरी उपयोग गरिनेछ ।**

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.२.१.१ | रोजगारीका सम्भावित क्षेत्रहरुको तथ्याङ्क संकलन गरिनेछ । | रोजगार सेवा केन्द्र | गा.पा.. | निरन्तर | रोजगारीका सम्भावित क्षेत्रहरुको तथ्याङ्क संकलन हुनेछ । | आवश्यकता अनुसार | क |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.२.१.२ | रोजगारीका सम्भावित क्षेत्रहरुको उपयोग गर्ने गरी कार्यक्रम संचालन गरिनेछ । | रोजगार सेवा केन्द्र | गा.पा.. | निरन्तर | रोजगारीका सम्भावित क्षेत्र लक्षित कार्यक्रम संचालन हुनेछ । | आवश्यकता अनुसार | क र ङ |
| १.२.१.३ | पेशा, व्यवसाय र प्रविधि विषयको प्रवर्द्धन, अभिमुखीरकण तथा पेशागत परामर्श सेवा सञ्चालन | रोजगार सेवा केन्द्र | गा.पा.. शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालयहरु | निरन्तर | रोजगारीमा प्रबेश गर्ने जनशक्तिको आँकलन तथा सम्भाबित रोजगारीका क्षेत्रहरुको पहिचान हुनेछ । | | |

**कार्यनीति :१.२.२ रोजगारी सृजनामा निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र सामुदायिक संघ, संस्था सँग सहकार्य गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.२.२.१ | रोजगारी सृजनामा नीजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र सामुदायिक संघ, संस्था सँग सहकार्य गरिनेछ । | गा.पा.. | रोजगार सेवा केन्द्र | निरन्तर | रोजगारी सृजना भएको हुनेछ । | आवश्यकता अनुसार | क र ख |

**कार्यनीति :१.२.२ नयाँ नयाँ उद्यम व्यवसायको पहिचान र विकास गरी रोजगारी सृजना गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.२.२.१ | नयाँ उद्यमको पहिचान र विकास गरिनेछ। | रोजगार सेवा केन्द्र | गा.पा.. | निरन्तर | नयाँ उद्यम र व्यवसायको संख्या | आवश्यकता अनुसार | क र ख |

रणनीति १.३ युवा लक्षित स्वरोजगार कार्यक्रम

कार्यनीति :१.३.१ युवाहरुलाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रम संचालन गरीनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १.३.१.१ | युवा स्वरोजगार कोषको स्थापना र संचालन गरिनेछ। | गाउँसभा | का.पा, रोजगार सेवा केन्द्र | निरन्तर | युवा स्वरोजगार कोष स्थापना तथा संचालन हुनेछ । | आवश्यकता अनुसार | क |
| १.३.१.२ | उद्यम गर्न चाहने युवाहरुका लागि सहुलियतपूर्ण कर्जा वा अनुदान वितरण गरिनेछ । | गा.पा.. | बैंक तथा वित्तीय संस्था, गा.पा. | निरन्तर | अनुदान/सहुलियतपूर्ण कर्जा प्रबाहको प्रभाबकारीता बढ्नेछ । | आवश्यकता अनुसार | क र घ |

रणनीतिक स्तम्भ नं. २ बहुसीपयुक्त जनशक्ति विकास तथा परिचालन

रणनीति २.१ स्थानीय श्रम बजारमा आवश्यक दक्ष तथा अर्धदक्ष जनशक्तिको विकास गरी सन्तुलन कायम गर्ने

कार्यनीति २.१.१ रोजगारमुलक र सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| २.१.१.१ | कार्यस्थलमा आधारित रोजगारमुलक तालिम संचालन गरिनेछ । | रोजगार सेवा केन्द्र | गा.पा.. मेडपा, तालिम प्रदायक निकाय | निरन्तर | तालिम प्रतिवेदन | आवश्यकता अनुसार | क र ग |
| २.१.१.२ | लक्षित समुहका कार्यक्रम सिप विकास सँग आवद्ध गर्ने | सामाजिक विकास शाखा | रो.से के, गा.पा. | निरन्तर | सीप विकास तालिम प्रतिवेदन | आवश्यकता अनुसार | क र ङ |

**कार्यनीति :२.१.२ बहुसीपयुक्त जनशक्ति विकासमा जोड दिइनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| २.१.२.१ | बहुसीपयुक्त जनशक्ति तयार गर्न तालिम केन्द्र स्थापना गरिनेछ । | रोजगार सेवा केन्द्र | गा.पा. | दोस्रो वर्ष | तालिम केन्द्र | आवश्यकता अनुसार | क |

**रणनीति २.२ व्यवसायिक र सीपमुलक तालिम संचालन गर्ने**

**कार्यनीति :२.२.१ संघ, प्रदेश सँग समन्वय गर्दै व्यवसायिक सीप विकासका कार्यक्रम संचालन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| २.२.१.१ | संघ र प्रदेश सरकार सँग समन्वय गर्दै व्यवसायिक सिप विकास कार्यक्रम संचालन गरिनेछ । | सामाजिक विकास शाखा | रोसेके, संघ र प्रदेशका तालिम प्रदायक निकाय | निरन्तर | तालिम प्रतिवेदन | आवश्यकता अनुसार | क, ख र ग |

**रणनीति २.३ व्यवसायिक र सीपमुलक तालिम गुणस्तरीय र जीवनपयोगी बनाउने**

**कार्यनीति :२.३.१ तालिम सम्बन्धी स्पष्ट मापदण्ड बनाइनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| २.३.१.१ | कृषि प्रणालीमा आवश्यक श्रमिक उपलब्ध गराउन आवश्यक तालिम सञ्चालन गरी कृषि श्रम बैंक सञ्चालन गरिनेछ । | कृषि विकास शाखा | विधायन समिति, रोजगार सेवा केन्द्र | पहिलो वर्ष | तालिम नीति | आवश्यकता अनुसार | घ र ङ |

**कार्यनीति :२.३.१ तालिममा सिकेका ज्ञान र अनुभवहरुको आदान प्रदान तथा समुदायस्तरमा प्रचारप्रसार गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| २.३.१.१ | तालिम प्राप्त गरेका व्यक्ति तथा संस्थाहरुले तालिम पश्चात प्रतिवेदन गर्ने र उक्त प्रतिवेदन सार्वजनिकीकरण गरिनेछ । | प्रशासन शाखा | सामाजिक विकास शाखा | निरन्तर | तालिम प्रतिवेदन | आवश्यकता अनुसार | ङ |
| २.३.१.२ | गाउँपालिका क्षेत्र भित्र रहेका दक्ष सीपयुक्त जनशक्तिलाई रोजगारी सृजनाका लागि प्रचार प्रसार कृयाकलापमा संलग्न गराईनेछ | रोजगार सेवा केन्द्र | का.पा | निरन्तर | निरन्तर | तालिम प्रतिवेदन | |

**रणनीतिक स्तम्भ नं. ३ विभेदरहीत श्रम सम्बन्ध र सामाजिक सुरक्षा**

**रणनीति ३.१ श्रम तथा रोजगारीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने**

**कार्यनीति :३.१.१ श्रमको सम्मान गर्ने सँस्कृतिको विकास गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.१.१.१ | श्रमप्रति सकारात्मक सोँच र असल संस्कृति विकास गर्न जीवनपयोगी तालिम संचालन गरिनेछ । | प्रशासन शाखा | गा.पा., रोजगार सेवा केन्द्र | निरन्तर | तालिम प्रतिवेदन | आवश्यकता अनुसार | क र ख |
| ३.१.१.२ | उत्कृष्ट कार्यसम्पादन गर्ने उद्यमशील व्यक्ति तथा कर्मचारीलाई पुरस्कृत गरिनेछ । | प्रशासन शाखा | क्षेत्रगत विषयगत शाखा | निरन्तर | छनौट सूचक | आवश्यकता अनुसार | क र घ |

**रणनीति ३.२ असल श्रम सम्बन्ध कायम गर्ने**

**कार्यनीति :३.२.१ श्रम सम्बन्धमा देखिएका समस्याहरुलाई समाधान गर्न स्थानीय न्यायिक समितिलाई क्रियाशील बनाइनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.२.१.१ | श्रम सम्बन्धी विवाद तथा उजुरी न्यायिक समिति मार्फत गरिनेछ । | न्यायिक समिति | रोजगार सेवा केन्द्र | आवश्यकता अनुसार | न्यायिक समितिको प्रतिवेदन | आवश्यकता अनुसार | क |

**कार्यनीति :३.२.२ श्रमिकको सँगठित हुने अधिकार र सामुहिक सौदावाजीलाई प्रवर्द्धन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.२.२.१ | श्रमिकको सँगठित हुने अधिकारलाई सुरक्षित गरिनेछ । | गाउँसभा, | का.पा | निरन्तर | सँगठित हुने अधिकार | आवश्यकता अनुसार | ख र ग |
| ३.२.२.२ | श्रम सम्बन्धी समस्या रोजगारदाता, श्रमिक र गा.पा.को संयुक्त प्रयत्नबाट समाधान गरिनेछ | गा.पा. | रोसेके, रोजगारदाता | निरन्तर | श्रम उजुरी र फछ्यौट | आवश्यकता अनुसार | ख र ग |

**रणनीति ३.३ वालश्रमलाई निवारण गर्ने**

**कार्यनीति :३.३.१ गाउँपालिकालाई वालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.३.१.१ | वालश्रममुक्त पालिका घोषणा गरिनेछ । | महिला बालबालिका तथा जेष्ट नागरिक शाखा | गाउँसभा | पहिलो बर्ष | घोषणा कार्यक्रम | आवश्यकता अनुसार | क र घ |

कार्यनीति :३.३.२ पालिका भित्रका सार्वजनिक निर्माणमा वालश्रम निःषेध गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.३.२.१ | गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माणमा वालश्रम निषेध गर्ने नीतिगत व्यवस्था गरिनेछ । | गाउँसभा | महिला बालबालिका तथा जेष्ट नागरिक शाखा | पहिलो वर्ष | वालश्रम निषेध नीति | आवश्यकता अनुसार | ख |

रणनीति ३.४ श्रमिकलाई सामाजिक सुरक्षाको प्रत्याभुती गर्ने

कार्यनीति :३.४.१ अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकलाई क्रमशः औंपचारिक क्षेत्रमा आवद्ध गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.४.१.१ | अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औंपचारिक क्षेत्रमा आवद्ध गर्न कार्ययोजना गराइनेछ । | रोजगार सेवा केन्द्र | का.पा. | पहिलो वर्ष | कार्ययोजना | आवश्यकता अनुसार | क र ख |
| ३.४.१.२ | अनौपचारिक क्षेत्रका रोजगारीको पहिचान गर्ने | रोजगार शाखा | सामाजिक विकास शाखा | पहिलो वर्ष | प्रतिवेदन | आवश्यकता अनुसार | ख |

कार्यनीति :३.४.२ कार्यस्थलमा हुने जोखिम न्यूनीकरणका लागि सामुहिक दुर्घटना बिमाको व्यवस्था गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.४.२.१ | सामुहिक रुपमा काम गर्ने र जोखिम क्षेत्रमा काम गर्ने स्थानमा अनिवार्य सामुहिक दुर्घटना विमाको व्यवस्था गर्ने | रो से के | गा.पा. | निरन्तर | सामुहिक दुर्घटना विमा | आवश्यकता अनुसार | क र घ |

कार्यनीति :३.४.३ श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन उत्प्रेरित गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.४.३.१ | गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुनेछ । | गा.पा. | रोजगार सेवा केन्द्र | दोस्रो वर्ष | योगदानमा आधारित सामाजिक सुरक्षा कोष | आवश्यकता अनुसार | क र घ |

रणनीति ३.५ जोखिम न्युनिकरण तथा क्षतिपुर्ति

कार्यनीति :३.५.१ जोखिम न्यूनीकरण र क्षतिपुर्ति प्रदान गर्न आर्थिक सहायत तथा विपद व्यवस्थापन कोषको परिचालन गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.५.१.१ | श्रम तथा रोजगारीका क्षेत्रमा प्रभावितलाई क्षतिपुर्ति तथा राहत उपलब्ध गराइनेछ । | का.पा | प्रशासन शाखा | निरन्तर | उद्धार, राहत र क्षतिपुर्ति | आवश्यकता अनुसार | क |

रणनीतिक स्तम्भ नं. ४ एकीकृत तथ्याङ्क प्रणालीको विकास

रणनीति ४.१ श्रम तथा रोजगारीको तथ्याङ्क संकलन गर्ने

कार्यनीति :४.१.१ श्रम तथा रोजगारी सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गरी रोजगार प्रोफाइल तयार गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.१.१.१ | शिवपुरी रोजगार सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ । | रोजगार सेवा केन्द्र | का.पा | १ वर्ष | शिवपुरी रोजगार सूचना व्यवस्थापन प्राणालीको संचालन भएको हुनेछ। | आवश्यकता अनुसार | क र घ |

**कार्यनीति :४.१.२ गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन विश्लेषण र बेरोजगार सूची अद्यावधिक गरिनेछ**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.१.२.१ | अति विपन्न अदक्ष बेरोजगार व्यक्तिहरुको तथ्याङ्क तयार गरिनेछ । | रोजगार सेवा केन्द्र | का.पा | हरेक वर्ष | बेरोजगार व्यक्तिहरुको सूची | आवश्यकता अनुसार | क र घ |

**कार्यनीति :४.१.३ छिमेकी मुलुक लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने नागरिकको सूची तयार गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.१.३.१ | छिमेकी मुलुक लगायत अन्य मुलुकहरुमा जानेहरुको तथ्याङ्क तयार गरिनेछ । | रोजगार सेवा केन्द्र | का.पा | १ वर्ष | तथ्याङ्क | आवश्यकता अनुसार | क |

**कार्यनीति :४.१.१ गाउँपालिका क्षेत्र भित्रका पुर्व राष्ट्रसेवक कर्मचारी, सैनिक प्रहरी लगायतका जनशक्तिको तथ्याङ्क संकलन तथा व्यवस्थापन गरि उनीहरुको ज्ञान, सिप र अनुभवलाई स्थानीय विकासमा आवद्ध गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.१.१.१ | पुर्व राष्ट्रसेवक लगायत कर्मचारीको तथ्याङ्क संकलन गरी उनीहरुलाई नीति तर्जुमा प्रक्रियामा सहभागी गराइनेछ । | विधायन समिति | का.पा | निरन्तर | नीति तथा कानुन | आवश्यकता अनुसार | क र घ |

**रणनीति ४.२ स्थानीय श्रम बजारमा माग र आपूर्ति विचको अन्तर पहिचान गर्ने ।**

**कार्यनीति :४.२.१ स्थानीय श्रम बजारमा श्रमिकको माग र आपूर्ति विचको अन्तर पहिचान गर्न सूचना प्रणालीको विकास गरिनेछ ।**

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.२.१.१ | स्थानीय व्यवसायिक सीप विकास तालिम नीति तर्जुमा गर्ने | का.पा. | रो.से.के | पहिलो वर्ष | व्यवसायिक सीप विकास तालिम नीति | आवश्यकता अनुसार | क र घ |
| ४.२.१.२ | स्थानीय व्यवसायिक सीप विकास कानुन तर्जुमा गर्ने | गाउँसभा | का.पा, रोसेके | दोस्रो वर्ष | व्यवसायिक सीप विकास तालिम सम्बन्ध कानुन र कार्यविधि | आवश्यकता अनुसार | घ |

**कार्यनीति :४.२.२ रोजगार सेवा केन्द्र र सेवा प्रदायक निकायहरुको क्षमता विकास गरिनेछ ।**

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.२.२.१ | रोजगार सेवा केन्द्रलाई आवश्यक श्रोत साधन, प्रविधिको व्यवस्था गरी क्षमता विकास गरिनेछ । | गा.पा. | प्रशासन, रोजगार सेवा केन्द्र, जिन्सी, आर्थिक प्रशासन | निरन्तर | आवश्यक स्रोत साधन सहित क्षमता विकास भएको हुने | आवश्यकता अनुसार | क, घ र ङ |
| ४.२.२.२ | रोजगार सेवा उपलब्ध गराउने निकायको क्षमता विकास गरिनेछ। | रोजगार सेवा केन्द्र | प्रशासन, जिन्सी, आर्थिक प्रशासन | निरन्तर | प्रभावकारी सेवा प्रवाह भएको हुने | आवश्यकता अनुसार | क र घ |

**कार्यनीति :४.२.३ श्रमिक र सेवा प्रदायक निकायबिच निरन्तर अन्तरक्रियाका लागि आवश्यक वातावरणको तयार गरिनेछ ।**

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.२.३.१ | रोजगार संवाद मञ्चको गठन गरी परिचालन गरिनेछ । | रोजगार सेवा केन्द्र | गा.पा. | निरन्तर | रोजगार संवाद मञ्चको गठन भई क्रियाशिल भएको हुनेछ। | आवश्यकता अनुसार | क |

रणनीति ४.३ श्रम सूचना प्रणालीको अन्य क्षेत्रसँग आवद्ध गर्ने

कार्यनीति :४.३.१ गाउँपालिकाको रोजगार सूचना प्रणालीको अधिकतम उपयोग गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.३.१.१ | रोजगार सूचना प्रणालीलाई नीति योजना र वार्षिक बजेट बनाउदा अधिकतम उपयोग गरिनेछ । | गा.पा. | सभा, विषयगत समिति | निरन्तर | वार्षिक नीति र बजेट निर्माणमा रोजगार सूचना प्रणालीको उपयोग भएको हुनेछ । | आवश्यकता अनुसार | क र घ |

कार्यनीति :४.३.२ श्रम तथा रोजगार सूचना प्रणालीलाई गाउँपालिकाको प्रोफाइल सँग अन्तरआवद्धता गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.३.२.१ | श्रम तथा रोजगार सूचना प्रणालीलाई गाउँपालिकाको वेभसाईट र अन्य प्रणालीहरुसँग आवद्ध गरी अधिकतम उपयोग गरिनेछ । | रोजगार सेवा केन्द्र | प्रशासन शाखा, सूचना प्रविधि शाखा | निरन्तर | स्थानीय एकीकृत रोजगार सेवा प्रणालीको विकास भएको हुनेछ। | आवश्यकता अनुसार | क, घ र ङ |

कार्यनीति :४.३.३ गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरणलाई श्रम सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४.३.३.१ | गरीवी र बेरोजगारीको तथ्याङ्कलाई रोजगार सूचना व्यवस्थापन प्रणालीमा समाबेश गरिनेछ । | रोजगार सेवा केन्द्र | प्रशासन शाखा, सूचना प्रविधि शाखा | निरन्तर | रोजगार सूचना व्यवस्थापन प्रणालीको | आवश्यकता अनुसार | क र घ |

**रणनीतिक स्तम्भ नं. ५ समन्वय र सहकार्य**

**रणनीति ५.१ स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाउने**

**कार्यनीति :५.१.१ पालिकाभित्र लगानीमैत्री वातावरण सृजना गर्न आवश्यक नीतिगत तथा नीति व्यवस्था गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.१.१.१ | लगानीमैत्री वातावरण सृजना गर्न लगानी नीतिको तर्जुमा गरिनेछ । | गा.पा. | रोसेके, गाउँसभा | पहिलो वर्ष | लगानी नीति | आवश्यकता अनुसार | क र घ |
| ५.१.१.२ | निजी क्षेत्र लक्षित कानुन निर्माण गरिनेछ। | गा.पा. | रोसेके, गाउँसभा | दोस्रो वर्ष | लगानी नीति | आवश्यकता अनुसार | क |
| ५.१.१.३ | सार्वजनिक निजी साझेदारी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । | गा.पा. | रोसेके, गाउँसभा | पहिलो वर्ष | साझेदारी नीति | आवश्यकता अनुसार | क र घ |

**कार्यनीति :५.१.२ लगानीमैत्री नीति तथा कानुनको तर्जुमा प्रक्रियामा सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता गराइनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.१.२.१ | नीति छनौट र कार्यान्वयनमा सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ । | का.पा | विषयगत शाखा | निरन्तर | नीति तथा कानुन | आवश्यकता अनुसार | ख र ग |

**कार्यनीति :५.१.३ कृषि, पशु, उद्योग र सहकारी क्षेत्रलाई उत्पादनमा आधारित अनुदान वितरण गरिनेछ**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.१.३.१ | स्थानीय कृषि उत्पादनलाई पूर्व मुल्य निर्धारण गरी उत्पादित वस्तु खरिद, उपयोग तथा विक्रि वितरणमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ | कृषि विकास शाखा | पशु सेवा, सहकारी, आर्थिक प्रशासन | निरन्तर | उत्पादन बढेको हुने | आवश्यकता अनुसार | क |

**कार्यनीति ५.१.४ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्धन गरी युवाहरुलाई सिर्जनशील र नवप्रवर्धनशील क्षमताका विकास गरिनेछ**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.१.४.१ | नवप्रवर्द्धन कोषको स्थापना गरी संचालन गरिनेछ । | गा.पा. | गाउँसभा, | पहिलो वर्ष | नवप्रवर्द्धन कोषको स्थापना | आवश्यकता अनुसार | क |
| ५.१.४.२ | नवप्रवर्द्धन कार्यक्रम संचालनका लागि संघ तथा प्रदेश सँग सहकार्य गरिनेछ । | गा.पा. | गाउँसभा, नेपाल सरकार, प्रदेश सरकार | निरन्तर | नवप्रवर्द्धन कार्यक्रम प्रतिवेदन | आवश्यकता अनुसार | क र ग |
| ५.१.४.३ | नवप्रवर्द्धन तथा नवउद्यमी प्रवर्द्धनको लागि उपाय बैंक (idea Bank) स्थापना तथा संचालन गरिनेछ | रोजगार सेवा केन्द्र | गा.पा. | निरन्तर | नवप्रवर्द्धन कार्यक्रम प्रतिवेदन | | |

**रणनीति ५.२ तहगत सरकारका विचमा समन्वय र सहकार्य गर्ने**

**कार्यनीति :५.२.१ रोजगारी सृजना र गरिवी न्यूनीकरणका लागि नेपाल सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.२.१.१ | रोजगारी सृजना र गरिवी न्यूनीकरणका लागि संघ तथा प्रदेश सँगको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ । | गा.पा. | गाउँसभा, नेपाल सरकार, प्रदेश सरकार | निरन्तर | समन्वय र सहकार्य कार्यक्रम प्रतिवेदन | आवश्यकता अनुसार | क र ग |
| ५.२.१.२ | गरिवी न्यूनीकरणका कार्यक्रम लक्षित समुदाय सम्म पुर्याइनेछ । | गा.पा. | रोजगार सेवा केन्द्र | निरन्तर | कार्यक्रम प्रतिवेदन | आवश्यकता अनुसार | क |

**कार्यनीति :५.२.१ नेपाल सरकार र प्रदेश सरकार सँगको लागत सहभागितामा श्रम तथा रोजगारी सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.२.१.१ | तहगत सरकारका बिचमा लागत सहभागितामा रोजगारी सँग सम्बन्धित कार्यक्रमको संचालन गरिनेछ । | गा.पा. | गाउँसभा, नेपाल सरकार, प्रदेश सरकार | निरन्तर | समन्वय र सहकार्य कार्यक्रम प्रतिवेदन | आवश्यकता अनुसार | क र ग |
| ५.२.१.२ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममा लागत सहभागितामा कार्यक्रम संचालन गरिनेछ। | रोजगार सेवा केन्द्र | गा.पा. | निरन्तर | प्रधानमन्त्री रोजगार कार्यक्रम प्रतिवेदन | आवश्यकता अनुसार | क |

**रणनीति ५.३ क्षेत्रगत रुपमा समन्वय र सहकार्य गर्ने**

**कार्यनीति :५.३.१ रोजगारी सृजना र गरिवी निवारणमा नीजी क्षेत्रलाई समेत परिचालन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.३.१.१ | निजी क्षेत्रलाई स्थानीय विकासमा अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ । | गा.पा. | गाउँसभा, निजी क्षेत्र | निरन्तर | नीति तथा कानुनको तर्जुमा भएको हुने | आवश्यकता अनुसार | क र ख |

**कार्यनीति :५.३.२ लगानी सम्भाव्य क्षेत्रहरुको पहिचान गरी निजी क्षेत्रलाई आकर्षण गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.३.२.१ | लगानी सम्भाव्य क्षेत्रहरुको पहिचान गरी विकास गरिनेछ । | रोजगार सेवा केन्द्र | गा.पा. | निरन्तर | लगानी सम्भाव्य क्षेत्रहरुको पहिचान | आवश्यकता अनुसार | क |

**कार्यनीति ५.३.३ श्रम तथा रोजगारीको क्षेत्रमा उत्पादनमुलक सहकारी क्षेत्रलाई परिचालन गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.३.३.१ | कृषि तथा पशु विकास सम्बन्धी सहकारीलाई उत्पादनमा आधारित मुल्य तोकि उत्पादित वस्तु खरिद, उपयोग तथा वितरण गरिनेछ । | कृषि तथा पशु सेवा शाखा | गा.पा., सहकारी शाखा | निरन्तर | उत्पादनमा आधारित सहकारी अनुदान | आवश्यकता अनुसार | क |

**कार्यनीति ५.३.४ सामुदायिक संघसंस्था, टोल विकास संस्था, उपभोक्ता समिति, रोजगार संवाद मञ्चको अधिकतम परिचालन र उपयोग गरिनेछ ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ५.३.४.१ | सामुदायिक संघसंस्था, टोल विकास संस्थालाई योजना तर्जुमा प्रक्रियामा समाबेश गरिनेछ । | वडा कार्यालय | गा.पा. | निरन्तर | योजना तर्जुमा प्रक्रियामा सहभागिता | आवश्यकता अनुसार | क र घ |
| ५.३.४.२ | उपभोक्ता समिति मार्फत श्रममुलक योजना तथा कार्यक्रम संचालन गरिनेछ। | गा.पा. | उ.स, योजना तथा प्राविधिक शाखा, आर्थिक प्रशासन शाखा | निरन्तर | उपभोक्ता समिति मार्फत श्रममुलक योजना संचालन भएको हुनेछ | आवश्यकता अनुसार | क |

# परिच्छेद - ९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilization and Budget Management)

## ९.१ श्रोत अनुमान तथा प्रक्षेपण

रणनीतिक लक्ष्य प्राप्ति गर्न श्रोत ब्यस्थापनको लागि गाउँपालिकाले छुट्टै बजेट ब्यवस्थापन गर्न सक्ने देखिन्छ। संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, निजी क्षेत्रबाट प्राप्त हुने सहयोग तथा गैरसरकारी संस्थाहरुबाट प्राप्त हुने सहयोगहरुबाट पनि श्रोत ब्यवस्थापन गरिनेछ ।

## ९.२ श्रोत परिचालन रणनीति

शिवपुरी गाउँपालिकाको विभिन्न नीति, योजना, कार्यक्रम र बार्षिक बजेट तर्जुमा गर्दा यस रोजगार रणनीतिको सार्थक उपयोग गरिनेछ। रोजगार रणनीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट नियमित कार्यक्रम मार्फत प्रस्ताव गरिनेछ ।आवश्यकता अनुसार नीजि क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, टोल विकास संस्था, उपभोक्ता समिति, नागरिक समाज लगायत स्थानीय विकासका साझेदार सँग श्रोत साधनको परिचालन र व्यवस्थापनका लागि समन्वय र सहकार्य गरिनेछ ।

## परिच्छेद - १० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था
## ( Steering Committee, Monitoring and Evaluation)

### १०.१ रणनीतिक योजनाको निर्देशक समिति

यस गाउँपालिका क्षेत्र भित्र रोजगारीका अवसरहरुको पहिचान, रोजगार सम्बद्ध सेवा एवं रोजगारीको हक कार्यान्वयन र रोजगार रणनीति सम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्य रोजगारीको हक सम्बन्धी नियमावली, २०७६ को नियम १४ बमोजिमको स्थानीय रोजगार निर्देशक समितिले गर्नेछ । जसमा देहाय बमोजिमका सदस्यहरु हुनेछन ।

| | | |
|---|---|---|
| क) | गाउँकार्यपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) | गाउँकार्यपालिका उपाध्यक्ष | - सदस्य |
| ग) | गाउँकार्यपालिका प्रमुखले तोकेका वडाध्यक्ष दुई जना | - सदस्य |
| घ) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ङ) | रोजगार संयोजक | - सदस्य सचिव |

### १०.२ रणनीतिक योजनाको कार्यान्वयन समिति

गाउँपालिकाको रोजगार रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि रणनीति कार्यान्वयनको लागि देहाय बमोजिमको समिति गठन गर्न सकिनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | -संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. संयोजकले तोकेको कम्तीमा एकजना महिला सहित तीन जना कार्यपालिका सदस्य | - सदस्य |
| ४. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ५. पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| ६. योजना शाखा प्रमुख | - सदस्य |
| ७. रोजगार संयोजक | - सदस्य सचिव |

रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले भुमिका निभाउनेछ। समितिको बैठक त्रैमासिक रुपमा बस्नुपर्नेछ र रणनीतिको कार्यान्वयनको अवस्था एवं सुधार गर्नुपर्ने पक्षहरु सहित स्थानीय निर्देशक समितिलाई जानकारी गराउनुपर्नेछ । समितिको बैठक सम्बन्धी अन्य कार्यविधि आँफैले तय गर्न सक्नेछ ।रोजगारी रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान लगायत अन्य विषयमा स्थानीय रोजगार संवाद मञ्चको सुझाव र सल्लाह लिन सक्नेछ ।रणनीतिको सफल कार्यान्वयनको लागि गाउँपालिका क्षेत्र भित्र रहेका रोजगारदाता, सीप विकास प्रतिष्ठान, अध्यन अनुसन्धान

गर्ने निकाय, सम्बन्धित विषय विज्ञ तथा रोजगार सम्बद्ध सरोकारवालाहरुलाई सदस्यको रुपमा नियुक्त गर्न वा आवश्यक सहकार्य गर्न सक्नेछ ।

## १०.३ रणनीतिक योजनाको अनुगमन तथा मुल्याङ्कन

रणनीतिक योजनाको निरन्तर अनुगमन मुल्याङ्कनका लागि स्थानीय रोजगार निर्देशक समितिले काम गर्नेछ। अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन प्रगति, विधि, देखिएका समस्या र समाधानका उपायहरुका सम्बन्धमा सामयिक रुपमा पृष्ठपोषण दिनेछ । रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समिक्षा गरिनेछ । अनुगमन तथा मुल्याङ्कन समितिले दिएको पृष्ठपोषण तथा सुझावहरुको समीक्षा गरी सुधारका उपायहरुको अवलम्बन गरीनेछ । रणनीतिक कार्यान्वयनबाट अपेक्षित उपलब्धि र प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा प्रत्यक दुई बर्षमा गाउँपालिका आफैले वा स्वतन्त्र समिक्षक व्यक्ति वा संस्थाबाट रणनीतिको समीक्षा वा पुनरावलोकनका लागि सिफारिश गर्न सक्नेछ ।

## परिच्छेद - ११ जोखिम व्यवस्थापन (Risk Management)

रणनीतिक योजना कार्यान्वयनको चरणमा देखा पर्न सक्ने जोखिमहरुलाई देहायबमोजिम पहिचान गरी उल्लेख गरिएको छ । पहिचान गरिएका सम्भाब्य जोखिमहरुलाई योजना कार्यान्वयन कार्ययोजनामा संकेतको रुपमा मात्र उल्लेख गरिएको छ ।

१. स्रोत साधनको प्रवन्ध तथा व्यवस्थापन (क)

२. क्षेत्रगत (सरकारी, निजी, गैरसरकारी र अन्य) बीच प्रभावकारी समन्वय (ख)

३. तहगत सरकारका बीचमा समन्वय र सहकार्य (ग)

४. जनप्रतिनीधि तथा कर्मचारीहरुको नीति आन्तरिकीकरण (घ)

५. गाउँपालिका क्षेत्र भित्रका शाखागत समन्वय (ङ)

## अनुसूची १

### नतिजा खाका

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| १ | न्युनतम रोजगारीमा संलग्न व्यक्ति | जना | | | | | | |
| २ | औपचारिक क्षेत्रमा संलग्न व्यक्ति | जना | | | | | | |
| ३ | नीतिको तर्जुमा | वटा | | | | | | |
| ४ | कानूनको तर्जुमा | वटा | | | | | | |
| ५ | उद्यमहरुको संख्या | वटा | | | | | | |
| ६ | उद्यमीहरुको संख्या | जना | | | | | | |
| ७ | युवा स्वरोजगार कोष | लाख | | | | | | |
| ८ | सहुलियतपूर्ण कर्जा/अनुदान | लाख | | | | | | |
| ९ | तालिम केन्द्र स्थापना | वटा | | | | | | |
| १० | उत्कृष्ट उद्यमी सम्मान | जना | | | | | | |
| ११ | विवाद समाधान संयन्त्र | वटा | | | | | | |
| १२ | वालश्रममुक्त पालिका घोषणा | | | | | | | |
| १३ | सामुहिक दुर्घटना विमा | जना | | | | | | |

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| १४ | योगदानमा आधारित सामाजिक सुरक्षा कोष | लाख | | | | | | |
| १५ | रोजगार संवाद मञ्च | वटा | | | | | | |
| १६ | श्रममुलक योजना संख्या | वटा | | | | | | |
| १७ | श्रममुलक योजनामा उपभोक्ताको लगानी | लाख | | | | | | |
| १८ | कार्यक्रम सहभागिता | वटा | | | | | | |
| १९ | शिवपुरी रोजगार सूचना व्यवस्थापन प्रणाली | वटा | | | | | | |
| २० | उत्पादनमा आधारित अनुदान/खरिद | लाख | | | | | | |
| २१ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम | लाख | | | | | | |
| २२ | विदेशबाट फर्किएका युवा लक्षित विशेष कार्यक्रम | लाख | | | | | | |
| २३ | सहुलियतपूर्ण कर्जा कार्यक्रम | लाख | | | | | | |
| २४ | बैदेशिक रोजगारी सीप विकास तालिम | संख्या | | | | | | |
| २५ | प्लम्बर, सिकर्मी, डकर्मी, हाउस वायरिङ लगायत सीप विकास तालिम | जना | | | | | | |

## रणनीतिक योजना तयारीका आधार तथा सन्दर्भ सामाग्रीहरः

- नेपालको संविधान २०७२
- नेपालको जनगणना २०७८
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- स्थानीय सरकार संचालन ऐन, २०७४
- रोजगारीको हक सम्बन्धी नियमावली २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- "श्रमको सम्मान राष्ट्रको अभियान" सम्वन्धी रणनीति, २०७८
- स्थानीय सरकारको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८०
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- १६ औं पञ्चवर्षिय आवधिक योजना (२०८१/०८२-२०८५/०८६)
- वागमती प्रदेशको दोश्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६)
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा सुरक्षा मन्त्रालयको पाँचवर्षे रणनीतिक योजना (आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म)
- शिवपुरी गाउँपालिकाको दोश्रो आवधिक योजना (आ.ब. २०८२/०८३-२०८६/०८७)
- शिवपुरी गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण (PROFILE) २०७६
- शिवपुरी गाउँपालिकाका सुरक्षित आप्रवासन पार्श्वचित्र २०८१
- गाउँपालिकाको विभिन्न वार्षिक नीति तथा तथा कार्यक्रमहरु